# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको भौगोलिक स्वरूपमा विविधता भए जस्तै जनसंङ्ख्याको वितरणमा पनि विविधता रहेको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभागले २०६८ सालमा प्रकाशन गरेको भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्याको वितरण असमान रहेको पाइन्छ । नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये तराई प्रदेशमा झण्डै आधा जनसङ्ख्या (५०.२७%) जनसङ्ख्या रहेको छ । पहाडी प्रदेशमा ४३.१० प्रतिशत र हिमाली प्रदेशमा ६.७३ प्रतिशत जनसङ्ख्याको वितरण भएको पाइन्छ ।

नेपालको विभिन्न भौगोलिक प्रदेशहरूमा विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ । यहाँ ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, गुरुङ्ग जस्ता राष्ट्रिय जनसाङ्ख्यिक तथ्याङ्कमा स्पष्ट पहिचान राख्ने जातिका अतिरिक्त राई, लिम्बु, कामी, दमाई, सतार, धिमाल, चेपाङ्ग, राउटे, कुसुण्डा, माझी, कुमाल, राजी, बोटे, भोटे आदि जनजातिहरूको पनि बसोबास रही आएको छ । त्यसको अलावा नेपालमा अन्य थुप्रै आदिवासी जनजातिको बसोबास रहेको छ, जसको आफ्नै भाषा, रहनसहन, भेषभुषा र संस्कार रहेका छन् तापनि नेपाल सरकारले आदिवासी जनजातिको मान्यता दिएको छैन । केन्द्रीय तथ्याङ्क विभागले अलगै जातिका रूपमा जनगणनाको तथ्याङ्क सार्वजनिक गर्ने गरेको छैन । तर पनि आफ्नो पहिचान बचाउन यिनीहरू सर्घष गर्दैछन् । आफुहरूलाई आदिवासी जनजातिमा सूचिकृत गराउन उनीहरू प्रयास गर्दैछन् । उपर्युक्त जातजातिहरू मध्येको एउटा समुदाय हो कार्मारोङ् । यस समुदायले नेपालमा आफ्नै प्रकारको महत्वपूर्ण स्थान राखेको छ । यसको आफ्नै भाषा, रहनसहन तथा संस्कृति रहेका छन् । यस समुदायको केही कुराहरू शेर्पा, लामा तथा तमाङ् जातिसँग मिल्न पनि जान्छन् । यो समुदायका आफ्नै मूल्य र मान्यताहरू छन् । यो समुदायको खास गरेर नेपालको उत्तरी हिमाली भेगका भोटमा बसोबास गरेको पाइन्छ ।

कार्मारोङ् समुदायको मूल बासस्थान मुगु र जुम्ला जिल्ला भए तापनि हाल व्यापार व्यवसायले गर्दा यिनको बसोबासमा परिवर्तन आएको पाइन्छ । सहरी क्षेत्रमा आएर बसोबास गर्नेको सङ्ख्यामा क्रमशः वढोत्तरी भइरहेको पाइन्छ । यसरी मूल थलो उत्तरी हिमाली क्षेत्र भए तापनि हाल आएर देशको विभिन्न सहरी क्षेत्रहरूमा पनि यिनीहरूले बसोबास गर्दै आएका छन् । मुगु जिल्लाका सन्दर्भमा हेर्दा श्रीनगर गा.वि.स. को साथै मुगु, पुलु, डोल्फू, मांगी तथा किम्री गा.वि.स.मा कार्मारोङ् समुदायको बसोबास रहेको पाइन्छ ।

मुगु जिल्ला जातीय, भाषिक तथा सांस्कृतिक विविधता एवं जडीबुटीको भण्डार भएको क्षेत्र हो । यसका अतिरिक्त मुगु नेपालको सबैभन्दा ठूलो रारा ताल, कान्जीरोवा हिमाल र बाक्लो हिमचितुवा भएको सुन्दर र रमणीय स्थलका कारण पर्यटन गन्तव्यको अथाह सम्भावना बोकेको क्षेत्र पनि हो । कार्मारोङ् नेपालको कर्णाली क्षेत्रको अति दुर्गम क्षेत्रमा बसोबास गर्ने क्षेत्रीय मूलधारबाट पनि टाढा रहेको समुदाय हो । यस शोधकार्यमा यस समुदायको जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिएको छ ।

## १.२. समस्याको कथन

परापूर्व काल देखि नै नेपालको उत्तरी भेगमा पूर्वको कञ्चनजंघा हिमालदेखि पश्चिमको अपि सैपाल हिमालको विचमा रहेका विभिन्न भोट क्षेत्र वा पाटनहरूमा विभिन्न समुदायको/ जातजातिको बसोबास रहँदै आएको पाइन्छ । आफ्नो छुट्टै प्रकारको संस्कृति बोकेर जीवनयापन गरिरहेका यी जातजातिलाई शुरुमा भोटिया, भोटे तथा हिमाली आदि भन्ने गरेको पाइन्छ भने पछि शेर्पा तामाङ् तथा लामा भन्ने गरेको पाइन्छ । यिनीहरूको उद्गम थलो तथा धर्ममा समानता भए तापनि अन्य कुराहरू भाषा, भेषभूषा, रहनसहन, संस्कार संस्कृति आदिमा फरक रहेको पाइन्छ । यिनीहरूको बसोबास उस्तै भूगोल, हावापानी तथा वातावरणमा भए तापनि यिनीहरूको बिचमा धेरै कुरामा फरक पाउन सकिन्छ । पूर्व देखि पश्चिम सम्मको हिमाली भेगमा बसोबास गर्ने समुदायको एकै प्रकारको संस्कार र संस्कृति पाइँदैन तर हिमाली क्षेत्रमा बसोबास गर्ने सबै समुदायलाई नेपाल सरकारले शेर्पा तामाङ् तथा लामा भन्ने गरेको छ । सोहि अनुसार तथ्याङ्क सार्वजनिक गर्ने तथा आदिवासी जनजातिको मान्यता दिइएको छ ।

भौगोलिक विविधताले भरिपूर्ण नेपाल बहुभाषिक, बहुसांस्कृतिक एवं बहुजातीय समाजको रूपमा पनि परिचित छ । क्षेत्रफलका हिसाबले सानो र गरिब राष्ट्र भए तापनि जातजाति, धर्मसंस्कृति, भाषा, भेषभुषाको दृष्टिकोणले ठूलो र धनी देश मानिन्छ । नेपालमा प्राचीनकाल देखि नै विभिन्न जातजातिको बसोबास रहँदैं आएको कुरा हामी इतिहासको अध्ययनबाट थाहा पाउँछौं ।

केन्द्रीय तथ्याङ्क विभागले १२५ जातजातिको जनसांख्यिक विवरण सार्वजनिक पाइन्छ । जसमा सबैभन्दा बढी क्षेत्रीहरू रहेको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार नेपालमा १६.६० प्रतिशत क्षेत्रीहरू रहेको पाइन्छ । त्यसैगरी ब्राह्मण १३.३३ प्रतिशत, मगर ७.१४ प्रतिशत, थारू ६.७५ प्रतिशत, तामाङ ५.६४ प्रतिशत,नेवार ५.४८ प्रतिशत, कामी ४.७४ प्रतिशत, मुसलमान

४.३८ प्रतिशत, यादव ३.९७ प्रतिशत र राईहरू २.३४ प्रतिशत रहेको पाइन्छ । यसरी राष्ट्रिय स्तर पहिचान बनाएका जातिहरूको अलावा अन्य लोपोन्मुख तथा सिमान्तकृत जातिहरूको पनि नेपालमा बसोबास रहेको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सबैभन्दा थोरै जनसङ्ख्या भएको जाति कुसुण्डा हो । उनीहरूको जनसङ्ख्या २७३ जना रहेको छ । त्यसपछि क्रमशः नुराङ्को २७८ जना, राउटे ६१८ जना, कलार १०७७ जना, लोहारूङ ११५३ जना, वालुङ् १२४९ जना, चिढीमार १२५४ जना, ताप्केगोला १५२३ जना, खालिङ्ग १५७१ जना र ल्होमीको जनसङ्ख्या १६१४ जना रहेको पाइन्छ । यसरी नेपालमा धेरै जनसङ्ख्या भएको क्षेत्री देखी थोरै जनसङ्ख्या भएको कुसुण्डा (२७३ जना) सम्मको बसोबास रहेको पाइन्छ । त्यसको अलवा नेपालमा अन्य थुप्रै समुदायको बसोबास रहेको पाइन्छ जसले आदिवासी जनजातिको मान्यता पाउन सकेका छैनन् । नेपालको उत्तरी हिमाली क्षेत्रमा बसोबास गर्ने, आफ्नो छुट्टै जातीय पहिचान (भाषा, भेषभुषा, रहनसहन, संस्कार र संस्कृति) भएको एउटा समुदाय हो कार्मारोङ् जसले परापूर्व काल देखि नै मुगु तथा जुम्ला जिल्लाका केही स्थानहरूमा आफ्नो थातथलो जमाएर बसेका छन् । यिनीहरूको आफ्नै भाषा, भेषभूषा, रहनसहन, संस्कार र संस्कृति छ तर बढ्दो आधुनिकीकरणको प्रभाव यिनीहरूको भाषा, भेषभुषा, रहनसहन, संस्कार र संस्कृतिमा पनि पर्दै गएको पाइन्छ । विस्तारै यिनीहरूको मौलिक पहिचान तथा परम्रागत पेसा रूपान्तरित हुर्दै लोप हुने अवस्थामा पुगेको पाइन्छ । तर पनि यो समुदाय आफ्नो मौलिक जातीय पहिचान, परम्परा तथा पेसाको संरक्षण गर्दै आदिवासी जनजातिमा आफुहरूलाई सूचीकृत गराउन तल्लीन रहेको पाइन्छ ।

यसै सर्न्दभमा विकट हिमाली क्षेत्रमा बसोबास गर्ने, सीमान्तकृत तथा मूलधारबाट बाहिर रहेको कार्मारोङ् समुदायको जनसाङ्ख्यिक आर्थिक तथा शैक्षिक अवस्थाको खोजी गरिने हुदाँ यसलाई समस्याका रूपमा लिइएको छ ।

यस अध्ययनमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. कार्मारोङ् समुदायको जनसाङ्ख्यिक स्थिति के कस्तो रहेको छ र कुन कुन तत्वहरूले यसलाई प्रभाव पारेका छन् ?

२. कार्मारोङ् समुदायको पेसागत बनोट कस्तो छ र परम्परागत पेसामा के कसरी परिवर्तन आइरहेको छ ?

३. यो समुदायको शैक्षिक अवस्था कस्तो रहेको छ ?

## १.३ अध्ययनको औचित्य

वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार नेपालमा १२५ जात/जातिको बसोबास रहेको छ । ती मध्ये ५९ जातिलाई नेपाल सरकारले आदिवासी जनजातिको मान्यता दिएको छ अर्थात् आदिवासी जनजातिमा सूचिकृत गरेको छ । यसरी आदिवासी जनजातिमा सूचिकृत हुने जातिहरू मध्ये हिमाली क्षेत्रमा १९, पहाडी क्षेत्रमा २३, भित्री मधेशमा ७ र तराईमा १० जातिको बसोबास रहेको छ । यी आदिवासी जनजातिहरूलाई पनि उन्नत समूह, सुविधा बञ्चित समूह, सिमान्तकृत समूह, अतिसिमान्तकृत समूह र लोपोन्मुख समूह गरि पाँच समूहमा वर्गीकरण गरेको पाइन्छ (पाण्डे, २०६५) ।

हिमाली क्षेत्रमा बसोबास गर्ने जनजातिको सन्दर्भमा हेर्दा उन्नत समूहमा थकाली, सुविधा बञ्चित समूहमा मार्फाली, तीन गाउँले, बाह्रगाउँले, छैरोतन, शेर्पा, ताङवे, व्यासी र याख्खा गरी ८ वटा जातिहरू सिमान्तकृत समूहमा डोल्पो, मुगाली, ल्होपा, भोटे, बालुङ, लार्के र ताप्केगोला गरी ७ वटा जातिहरू तथा अतिसिमान्तकृत समूहमा थुदाम, सियार र ल्होमी गरी ३ वटा जातिहरू रहेका छन् ( पाण्डे, २०६५) ।

नेपालको विकट हिमाली क्षेत्रमा बसोबास गर्ने, सीमान्तकृत तथा मूलधारबाट बाहिर रहेको एउटा समुदाय हो कार्मारोङ् । यो समुदाय परापूर्व काल देखि नै हिमाली क्षेत्रमा थातथलो जमाएर बसेको देखिन्छ । आफ्नै जातीय पहिचान छ तर आदिवासी जनजातिको मान्यता पाउन सकेको छैन । उनीहरूको आफ्नो छुट्टै मुल्य मान्यता, धर्म संस्कृति र परम्परा तथा पेसा रहेको पाइन्छ । तर आधुनिकीकरण, शिक्षा, बदलिँदो सामाजिक मूल्य मान्यता र अन्य जातिसँगको सामाजिक अन्तरक्रियाको कारण यिनीहरूको सामाजिक र सांस्कृतिक मूल्य मान्यता र परम्पराहरू समेत परिवर्तन भई मौलिक संस्कृति नै लोप भएर जाने स्थितिमा पुगेको पाइन्छ ।

अन्य समुदायको तुलनामा सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा निकै पछाडि रहेका दुर्गम भूगोलमा बसोबास गर्ने कार्मारोङ् जस्तो सीमान्तकृत तथा लोपोन्मुख समुदायको जानसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिने हुदाँ यो शोधकार्य औचित्य पूर्ण रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थाको लेखाजोखा गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। अध्ययनका विशिष्ट उद्देश्यहरू यसप्रकार छन् :

(क) कार्मारोङ् समुदायको जनसाङ्ख्यिक अवस्थाको पहिचान गर्ने,

(ख) कार्मारोङ् समुदायको पेसागत बनोटको विश्लेषण गर्ने र,

(ग) कार्मारोङ् समुदायको शैक्षिक स्थितिको लेखाजोखा गर्ने ।

## १.५ अध्ययनका सीमाहरू

यो अध्ययन निम्न सीमितता भित्र रहेर पुरा गरिएको छ :

(क) कार्मारोङ् समुदायको बसोबास नेपालको विभिन्न हिमाली जिल्लाहरूमा रहे तापनि यो अध्ययनमा मुगु जिल्लाको श्रीनगर गा.वि.स. मा रहेको कार्मारोङ्हरूको मात्र अध्ययन गरिएको छ ।

(ख) यो अध्ययन श्रीनगर गा.वि.स को वडा नं ४ र ५ मा बसोबास गर्ने कार्मारोङ् समुदायको अध्ययनमा सीमित रहेकाले प्राप्त नतिजालाई अन्यत्र सामान्यीकरण गर्दा नमिल्न सक्छ ।

## १.६ अध्याय योजना

यो शोधपत्रलाई जम्मा ६ अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्यायमा परिचय शीर्षक अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनका उद्देश्यहरू, अध्ययनका सीमाहरू र अध्याय योजना समावेश गरिएको छ । दोस्रो अध्यायमा सन्दर्भ साहित्यको समीक्षा शीर्षकमा शोधसँग सम्बन्धित प्रकाशित एवं अप्रकाशित साहित्यको पुनरावलोकन गरिएको छ । तेस्रो अध्याय अध्ययन विधिसँग सम्बन्धित छ । यस अध्यायमा अध्यायन क्षेत्रको छनोट, जनसङ्ख्याको छनोट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलन प्रक्रिया तथा तथ्याङ्कको व्याख्या विश्लेषण आदि समावेश गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ । यस अध्यायमा अध्ययन क्षेत्रको भौतिक तथा सामाजिक एवं सांस्कृतिक पक्षको चर्चा गरिएको छ । त्यसैगरी पाँचौ अध्यायमा कार्मारोङ् समुदायका जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ । अन्तिम अध्यायमा सारांश, निष्कर्ष तथा सुझाव रहेको छ। यस अध्यायमा अध्ययनबाट प्राप्त तथ्यहरूलाई सङ्क्षेपीकरण गरिएको छ ।

# अध्याय दुई : सन्दर्भ साहित्यको समिक्षा

यस अध्यायमा कार्मारोङ् समुदायको परिचय, उनीहरूको बसोबास सम्बन्धित प्रकाशित एवं अप्रकाशित साहित्यको समिक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समिक्षा

**कार्मारोङ् (करानी)** समुदायका मानिसहरूलाई सामान्यतया नश्लका आधारमा मंगोलियन र भाषाको आधारमा भोट बर्मेली परिवारको मान्न सकिन्छ । नेपालमा उच्च हिमाली क्षेत्रमा बसोबास गर्नेहरू र उत्तरी भू-भाग (भोटभुमि) तथा तिब्बती लगायत त्यससँग जोडिएको ठाउँमा बस्ने मंगोल नश्लका बासिन्दाहरूलाई भोटे शब्दले सम्बोधन गर्ने गरेकाले पनि खास गरी तल्लो पहाडका बासिन्दाले कार्मारोङ् समुदायका मानिसहरूलाई पनि भोटे अथवा जाड भनेर चिन्ने गर्दछन् । यसर्थ कार्मारोङ् समुदायको विषयमा कुरा गर्दा समग्र भोटे समुदायकै कुरा गर्नुपर्ने हुन्छ । कर्णाली प्रदेश तथा पश्चिम नेपालका विभिन्न समुदायहरू जस्तै दार्चुलाको माथिल्लो क्षेत्रको ब्यासी, बझाङको सैपाल, दुलीडाँडाको लामा, बाजुराको बिछ्या, बोल्टी र पाण्डुसैनको हुल्मी खाम्पा, हुम्लाको लिमी, ह्युल्जोदुन, ट्युक्चुलुङ, हिन्वा, ब्यासी, मुगुको कार्मारोङ् मुगाल, जुम्ला, दैलेख र सुर्खेतका खाम्पाहरू, डोल्पाको तिच्यूरोङ (तरली) त्होल्बो( डोल्पो), खालीवनको ग्याकार खाम्बा र छेलुङ वा रुम्जे ( कर.लीकाँटा) आदि विभिन्न समुदायका मानिसहरूलाई अहिलेको अवस्थामा जाड वा भोटे भनेर चिनिन्छ (कार्मारोङ्, २०६७) ।

भोट प्रदेश वा हिमाली प्रदेशमा बसोबास गर्ने जातिलाई भोटे वा हिमाली जाति भन्ने गरिन्छ । नेपालको हिमाली प्रदेशमा यस्ता भोटे वा हिमाली जातिको बसोबास रहेको छ । यी जाति लाई स्थान अनुसार विभिन्न नामले चिन्ने गरिन्छ । केही उदाहरण तल प्रस्तुत गरिएको छ ।

ताप्लेजुङ्गको ओलाचुङ्गोलामा : वालुङ (Walungs)

सोलुखुम्बुमा : शेर्पा (Sherpas)

संखुवासभामा : थुदाम/भोटे (Thudoms or Bhotes), ल्होमी (Lhomis)

(कारभोटे/काठभोटे)

गोर्खामा : लार्के (Larks), सियर (Siyars)

मनाङ्मा : मनाङ्गे (Mananges)

मुस्ताङ्गमा : छैरोतन (Chhairttans), ठिन्तान (Thintans), ताङ्व (Tangbes), बाह्रगाँउले (Bhara Gaunle) र लोमान्थाङ्मा ल्होपा (Lhopas)

मुगुमा : मुगाली (Mugalis), लामा, करानी,

डोल्पामा : डोल्पो (Dolops)

यसरी विभिन्न स्थानमा विभिन्न नामले चिनिने भएतापनि यिनीहरूको उद्‌गमस्थल तिब्बतको भोट प्रदेश नै भएको, यिनीहरू भोट बर्मेली भाषा परिवार भित्र पर्ने र बौद्ध धर्म मान्ने गरेको पाइन्छ । यिनीहरूको उद्‌मस्थल, वंशावली तथा धर्म एउटै भएर पनि यिनीहरूले बोल्ने भाषामा भने स्थान अनुसार केही फरक रहेको पाइन्छ (पाँडे, २०६६) ।

भोट प्रदेशमा बसोबास गर्ने जाति वा समुदायको आ-आफ्नै थर रहे तापनि यिनीहरूलाई 'भोटे' भन्ने गरिन्छ । 'भोटे' समग्र भोट क्षेत्रमा बसोबास गर्ने समुदायको साझा पहिचान हो । यसरी हिमाली क्षेत्र वा भोट क्षेत्रमा बसोबास गर्ने हिमाली समुदायले अहिले शेर्पा, लामा तथा तामाङ् लेख्ने गर्दछन् । सोही अनुसार नागरिकता निकाल्ने गर्दछन् त्यो हाम्रो बाध्यता हो किन भने नेपाल सरकारले पनि शेर्पा, लामा, तामाङ्लाई आदिवासी जनजातिको मान्यता दिएको तथा केन्द्रीय तथ्याङ्क विभागले पनि सोही अनुसार जनगणनाको तथ्याङ्क सार्वजनिक गर्ने गरेको पाइन्छ । तर कार्मारोङ् समुदायलाई नेपालको सरकारले आदिबासी जनजाति वा सिमान्तकृत जातिको मान्यता दिएको छैन् हामीले शेर्पा, लामा, तामाङ थर लेखि नागरिकता निकाल्न बाध्य छौ तसर्थ हाम्रो सङ्ख्या कति छ भनेर एकिन तथ्याङ्क सार्वजनिक गर्न सकेका छैनौं । वास्तवमा करान भेगमा बस्ने हामी कार्मारोङ् हौ । करानी हाम्रो पहिचान हो । हाम्रो आफ्नै भाषा छ, संस्कार र संस्कृति छ अहिले जातिय पहिचानको कुरा उठी रहेकाले हामी हाम्रो वास्तविक थर लेख्न थालेका छौ हाम्रो जातिय पहिचान झल्कने गरी विभिन्न पुस्तक प्रकाशन गर्ने तथा समुदायको गठन गरी सिमान्तकृत आदिवासी जनजातिको सूचिमा सूचिकृत गराउन तथा हाम्रो अस्तित्व र पहिचान बचाउन प्रयास गरिरहेका छौ (कार्मारोङ्, २०६७) ।

मुख्य हिमाल र नेपाल तिब्बत सिमानामा रहेका होचा हिमालहरूको माझमा अग्ला हिमाली उपत्यका तथा चौध हजार फीटसम्म अग्ला हिमालका भित्री भाग र लेकहरूलाई मिलाएर हिमाली प्रदेश बन्दछ । यस क्षेत्रभित्र पुर्वको तमोर, अरुण उपत्यकादेखि पश्चिममा हुम्लाकर्णाली डोल्पासम्मको विशााल भू- भाग पर्दछन् (गुरुङ्, २००७) । नेपालको उत्तरतिर पुर्व पश्चिम वारपार सीमाना जोडिएको जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतलाई भोट भनिन्छ । यही भोट

तथा तिब्बतीमूलका प्रसिद्ध जातिलाई 'भोटे' भनिन्छ । उनीहरू चौरी च्यांग्राको बथानहरू सहित उपयुक्त चरणहरूको खाजीमा हिमाली भन्ज्याङहरू पार गरी यता आई बसोबास गरेका छन् ती नै तिब्बती मुलुकका मानिसहरू नै आजका शेर्पा, तामाङ् तथा लामा समुदाय हुन् (पाण्डे, २०६५) ।

भोटियाहरूले बसोबास गरेको मुगु उपत्यकाको माङ्ग्री र दल्फु बीचको भागलाई करानदरा भनिन्छ । करानदरा क्षेत्रमा बस्ने भोटियाहरू धेरै पुस्ता अगाडी तिब्बतबाट बसाई सरी आएको पाइन्छ । सन् १८५६ मा नेपाल तिब्बत यद्धमा उनीहरू (भोटियाहरू) को भूमिकाबाट प्रसन्न भई जंगबहादुरले तामाङ् उपाधि दिएका र सोहि थर अपनाएका पाइन्छ । उत्तरको तिब्बतबाट बसाई सरी दक्षिण तिर आउनुको मुख्यकारण व्यापार रहेको पाइन्छ । यसरी करानदरा क्षेत्रमा बसोबास गर्ने भोटियाहरूले अहिले लामा, तामाङ् तथा करानी थर लेख्ने गरेको पाइन्छ (गुरुङ्, २००७) ।

कार्माराङ समुदायको पुर्ख्यौली थलो मुगु जिल्लाको करान भेग हालको मांग्री, पुलु ,किम्री र डोल्फु गा.वि.स.मा पर्दछ । अवस्थितिको आधारमा पुर्वमा डोल्पा जिल्ला, पशिचममा हुम्ला जिल्ला, उत्तरमा तिब्बत र दक्षिणमा खस जातिको बसोबास क्षेत्र पर्दछ । सदरमुकाम देखि उत्तर करान क्षेत्रको हिमाली फेदमा रहेका यी ४ वटा गा.वि.स.मा कार्मारोङ्हरूको १३ वटा गाउँ रहेको छ । यसरी शुरुको पुख्यौली थलो किम्री गा.वि.स.को टोक परलोक भन्ने ठाउँ रहेको भए तापनि अहिले मुगु जिल्लाको सदरमुकाम गमगढी (श्रीनगर गा.वि.स) तथा जुम्ला जिल्लाको डिल्लीच , पाताराशी, चन्दनाथ गा.वि.स.हरू, सुर्खेत, काठमाडौं तथा भारतको हिमाञ्चल प्रदेशको कुल्लु मुनाली क्षेत्रमा समेत कार्मारोङ् समुदायको बसोबास रहेको छ (कार्मारोङ्, २०६७) ।

नेपालका तीनवटा पर्यावरणीय भेगहरू (हिमाल, पहाड र तराई) मध्ये सबैभन्दा उपेक्षित क्षेत्र हो हिमाली भेग । हिमाली क्षेत्र भौगोलिक रूपमा विभिन्न दरा, खोला र खोंचहरूले बनेको पाइन्छ । तिब्बती मूलका मानिसहरू यिनै हिमाली भेगका कुनाकन्दराहरू आई बसोबास गर्न थाले जसलाई भोटे भन्ने गरियो । हिमाली भेगका यस्ता दरा, खोला र खोंचहरूलाई भोट भाषामा 'रोङ्' (पर्वत) र त्यहाँ बस्ने मानिसहरूलाई 'रोङ्वा' (पर्वते) भनि सम्बोधन गर्ने गरेको पाइन्छ । हिमाली भेगमा पूर्वमेची देखि पशिचम महाकाली सम्म यस्ता डेढ दर्जनभन्दा बढी रोङ्हरू (जस्तैः होम्लोरोङ्, कार्मारोङ्, तिच्यूरोङ्) छन् । जसमध्ये मुगु जिल्लाको कार्मारोङ् (करानदरा) पनि एउटा 'रोङ्' हो । भौगोलिक असहजताको कारणले भनौं या स्थानीय समुदायमा सूचनाको कमीले नेपालको सबैभन्दा पिछडिएको क्षेत्र भनेर चिनिने मध्यपशिचमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलका एक दुई आदिवासी जनजाति समुह बाहेक अरु आदिवासी समुदायका मानिसहरू छुट्न गई आफ्नो पहिचान

र त्यसका कारण प्राप्त हुने अधिकारहरूबाट वञ्चित हुन पुगेका छन् । यसमध्ये मुगु जिल्लाको उत्तरपुर्वी भागमा 'करान' (खस भाषामा) भनेर चिनिने दरामा पुर्ख्यौली थातथलो भएको कार्मारोङ् समुदाय पनि एक हो (कार्मारोङ्, २०६७) ।

हिमाली जातिमा आपसमा थरहरूको विभाजन हुन्छ तापनि खास गरी एक खोला र उपत्यकाको भौगोलिक विभाजन बढी व्यवहारिक विभाजन हुन्छ । यसरी हेर्दा ताप्लेजुङको तमोर खोलाको सिरानको ओलाङचुङगोला याङ्मा र धुन्साका मानिसहरूको एक समुह हुन्छ । त्यस्तै, ताप्केगोला र थुदामको अर्को समुह संखुवासभा जिल्लाको अरुणखोलााको माथिल्लो भागमा चेपुवा, हटिया, च्याम्पताङ किमान्थाका आदिमा बस्नेहरूको अर्को समुह हसन्छ । यिनिहरूलाई ल्होमी भनिन्छ । सोलुखुम्बुमा बस्नेहरूलाई शेर्पा भन्ने चलन छ । उनीहरू पर्वतारोहण र पर्यटन व्यवसायमा विशेष सीप हासिल गरेका हुन्छन् । यस्तै मनाङ्गमा बस्नेलाई न्येसाङ र लार्केमा बस्ने लाई न्हुपरी भन्ने चलन छ । मुस्ताङ पुरानै समयदेखि आजसम्म कायम रहेको राज्य र यहाँका राजा पनि हिमाली जातिकै मानिसहरू बस्दछन् । डोल्पाका मानिसहरूलाई डोल्पो र त्यहाँदेखि पश्चिमका हिमाली मानिसहरू आफुलाई तामाङ्ग भन्ने गर्दछन् । यी सबै ठाँउका मानिसहरूको मुख्य पेशा पशुपालन, भोटको नुन, ऊन आदिको सटही व्यापार गर्नु रहेको छ (पाण्डे, २०६५) ।

कार्मारोङ्हरू हाल नेपालका जुम्ला, डोल्पा, सुर्खेत काठमाडौं र भारतको हिमाञ्चल प्रदेशको कुल्लु मनाली आदि ठाउँहरूमा अस्थायी बसोबास गर्दे आएका छन् । यिनिहरूको आफ्नै छुट्टै विशेषता झल्कने खालका धर्म, संस्कृति, भाषा लिपि, भेषभुषा र सामाजिक मूल्य मान्यताहरू छन् । यस समुदायको उद्गम स्थलमा सुचना, सञ्चार, यातायात, शिक्षा, स्वास्थ्य, भौतिक पुर्वाधारहरूको हिसाबले पनि शुन्य छ । प्राप्त नागरिकताहरूमा समेत कसैले लामा, शेर्पा, बुढा, रोकाया, भोटे, जाड, चुन्वा, तामाङ, गुरुङ लेखाएका वा कसैको थर नलेखिएका कारण यो समुदमय अर्कै संसारमा बाँचेको जस्तो देखिन्छ ।

भोटियाहरू जहाँसुकै रहुन् वा जे सुकै थरले चिनिउन् उनीहरू भोट हिमाली उद्भवकै जातिहरू हुन् । फराकिलो अनुहार, थ्याप्चो नाक, डल्लो चिउँडो, चिम्से आँखा, कालाकेश, जुँगादारीको अभाव जस्ता शारिरीक लक्षणका आधारमा मंगोलिय विशेषता राख्ने यिनीहरू कदमा केही होचा भए पनि शारीरिक डालमा हट्टाकट्टा देखिन्छन् । यिनिहरूको बसोबास प्रायः गरेर अग्लै ठाउँमा भएको देखिन्छ । जहाँ प्रायः अन्य जातिका मानिसहरू सितिमिति बस्न पुग्दैनन् (विष्ट, २०१३) ।

## २.२ कार्मारोङ् समुदाय लगायत जाति जनजाति सम्बन्धी स्थलगत अध्ययनको समिक्षा

हमाल (२०६१), ले **भोटे जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक जीवनगाथा : हुम्ला जिल्लाको लिमी गा.वि.स.मा रहेका भोटे जातिको समाजशास्त्रीय अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । हुम्ला जिल्लाको लिमी गा.वि.स.को वडा नं. १, २, ३ र ४ मा बसोबास गर्ने भोटेहरूको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको विश्लेषण गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा भोट हिमालमा बसोबास गर्ने यो जातिको आफ्नै सामाजिक एवं सांस्कृतिक चालचलन र संस्कार रहेको, भौगोलिक विकटताको कारण विकासका पूर्वाधारहरूको राम्रोसँग विकास हुन नसकेको, शिक्षाको अभावको कारण समाजमा पछौटेपन र जनचेतनाको अभाव रहेको तथा आर्थिक अवस्था कमजोर र तिब्बतसँग व्यापार गरी एवं भारी बोकेर जीवन निर्वाह गर्ने गरेको निश्कर्ष निकाले छन् र समाजमा व्याप्त बहुपति प्रथाको अन्त्य लगायत सामाजिक रूढीवाढी र पछौटेपन हटाउनका लागि शिक्षाको राम्रो विकास गर्नुपर्ने, कृषि तथा पशुपालनलाई व्यवसायीकरण गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने र तिब्बतको ताक्लाबजार तथा मानसरोवर जाने मार्गको निर्माण गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

त्यसैगरी उदास (२०५८), ले पनि **संखुवासभा जिल्लाको चेपुवा गा.वि.स.मा बसोबास गर्ने भोटे जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक स्थिति** शीर्षक शोधकार्य गरेका छन् । भोटे जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा पनि नेपालको उत्तर भेगमा रहेका मुख्य हिमाल र भोट हिमाल (तिब्बत सिमाना) को विचमा रहेका अग्ला हिमाली उपत्यकामा बसोबास गर्ने जातिलाई भोटे भनिने र खोला एवं उपत्यका अनुसार थर विभाजन हुने कुरा उल्लेख गरेका छन् । उनले नेपालका अति पिछडिएका जनजाति मध्ये भोटे जाति पनि एक रहेको, आफ्नै भाषा, भेषभूषा, संस्कार र संस्कृति रहेको, आर्थिक अवस्था कमजोर रहेको, कृषि, पशुपालन व्यापार र भारी बोक्ने मुख्य पेसा रहेको निष्कर्ष निकाल्दै शिक्षाको विकासका लागि जनचेतना बढाउनु पर्ने एवं निःशुल्क शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने, रोजगारमूलक र व्यवसायिक कृषिलाई जोड दिनुपर्ने एवं भोटे जातिको उत्थानका लागि शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, पूर्वाधार विकास आदि क्षेत्रमा ध्यान दिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

योञ्जन (२०६८), ले **रामेछाप जिल्लाको दोरम्बा गा.वि.स.मा बसोबास गर्ने तामाङ जातिको आर्थिक अवस्था र यसले प्राथमिक शिक्षामा पारेको प्रभाव** शीर्षकमा शोधकार्य गरेका छन् । तामाङ जातिको

आर्थिक अवस्थाको पहिचान गरी यसले बालबालिकाको प्राथमिक शिक्षामा पारेको प्रभावको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा तामाङ जातिको मुख्य पेशा कृषि (५० प्रतिशत पूर्ण रूपमा कृषिमा आश्रित) रहेको जसमा १५ प्रतिशत भूमिहिन रहेका, जीवन निर्वाह गर्न धौ धौ परेको, ४३ प्रतिशत मात्र साक्षर रहेका तथा विद्यालय जाने सङ्ख्या थोरै र बिचैमा छाड्ने दर बढी रहेको, आर्थिक एवं घरायसी वातावरणले पढाइमा असर परेको निष्कर्ष निकालेका छन् भने कृषि प्रणालीमा सुधार, स्वरोजगारमूलक कार्यक्रम संचालन, प्रौढ शिक्षाको व्यवस्था र समुदायको पहुँचमा विद्यालयको स्थापना गर्नुपर्ने क्रालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

राई (२०६८), ले **थुलुङ किराँत जातिको सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्था** शीर्षकमा सोलुखुम्बु जिल्लाको देउसा गा.वि.स.मा बसोबास गर्ने थुलुङ् समुदायको अध्ययन शोधकार्य गरेका छन् । थुलुङ किराँत जातिको सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्थाको विश्लेषण गर्ने उद्देश्य लिएर गरिएको यस शोधकार्यमा हिमाली क्षेत्रमा बसोबास गर्ने समुदाय मध्ये थुलुङ किराँतहरू पनि एउटा समुदाय रहेको, उनीहरूको आफ्नै भाषा, संस्कार र संस्कृति रहेको, व्यापार, कृषि तथा पशुपालन उनीहरूको प्रमुख पेसा रहेको, आर्थिक अवस्था कमजोर रहेको र पढाइ लेखाइलाई भन्दा व्यापार व्यवसायलाई प्राथमिकता दिने कारण यो सुमदायको साक्षरता दर कम रहेको र अधिकांशले प्राथमिक शिक्षा पछि विद्यालय छाड्ने गरेको निश्कर्ष निकाली यो समुदायमा बहुपति प्रथा अझै कायम रहेकाले जनचेतना अभिवृद्धि गर्न शिक्षामा जोड दिनु पर्ने, समुदायको पहुँचमा विद्यालय खोलिनु पर्ने र बालशिक्षा प्रौढ शिक्षा, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनुपर्ने तथा व्यवसायिक कृषि तथा स्वरोजगारमूलक तालिमको अवस्था गरेर उनीहरूको आर्थिक अवस्था माथि उठाउन सकिने कुरालाई सुझावको रूपमा प्रस्तुति गरेका छन् ।

**ताप्लेजुङ्ग जिल्लाको तापेथोक गा.वि.स.मा बसोबास गर्ने शेर्पा समुदायको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्था** शीर्षकमा शेर्पा (२०६६) ले शोधकार्य गरेका छन् । शेर्पा समुदायको सामाजिक एवं आर्थिक अवस्थामा केन्द्रित भएर गरिएको यस शोधमा शेर्पा समुदायको आफ्नै भाषा, संस्कार, संस्कृत, रहनसहन, चालचलन र भेषभूषा रहेको, समुदायमा बहुपति प्रथा विस्तारै हट्दै गए पनि पूर्ण रूपमा निर्मूल हुन नसकेको, व्यापार तथा भारी बोक्ने र हिमाल चाहने उनीहरू मुख्य पेसा रहेको, अन्य जातिको तुलनामा उनीहरूको आर्थिक अवस्था निकै राम्रो रहेको, औपचारिक पढाइ भन्दा पनि पर्यटकलाई गाइड गर्न सक्षम हुने खालको पढाइमा जोड दिने गरेका कारण साक्षरता दर पनि बढी रहेको निष्कर्ष निकालेका छन् । रूढीवादी विश्वास हटाउन एवं

जनचेतनामा वृद्धि गर्न चेतनामूलक औपचारिक शिक्षामा जोड दिनुपर्ने, हिमाल चढ्ने जस्तो जोखिमपूर्ण कार्यमा यो समुदायका मानिस संलग्न हुने भएकाले जीवनबिमाको व्यवस्था हुनुपर्ने र समुदायको पहुँच स्वास्थ्य संस्थाको स्थापना हुनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रमा बसोबास गर्ने लामा जातिको सामाजिक, आर्थिक एवं शैक्षिक अवस्था पत्ता लगाउने उद्देश्यले लामा (२०६९) ले **लामा जातिका सामाजिक, आर्थिक एवं शैक्षिक अवस्था** शीर्षकमा शोधकार्य गरेका छन् । उनले हिमाली क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति/समुदायहरूमध्ये लामा पनि एउटा जाति भएको, उनीहरूको आफ्नै भाषा, रहन सहन, संस्कार र संस्कृति रहेको, व्यापार उनीहरूको मुख्य व्यवसाय रहेको र केही लामाहरू मात्र कृषि एवं पशुपालनमा संलग्न हुने गरेको तथा आयआर्जनको मुख्य माध्यम व्यापार व्यवसाय भएकाले आर्थिक अवस्था मध्यम रहेको निष्कर्ष निकालेका छन् । त्यस्तै लामा समुदायमा विद्यालय शिक्षा र गुम्बा शिक्षाको प्रचलन रहेको, धेरै लामा बन्नको लागि गुम्बामा बसेर लामा विद्या आर्जन गर्ने गरेका, विद्यालय शिक्षा र गुम्बा शिक्षामा फरक हुने भएकाले साक्षरतादर कम रहेको तथा विद्यालय शिक्षा पढ्नेहरू पनि बिचैमा विद्यालय छाड्ने गरेको निष्कर्ष निकालेका छन् । लामा समुदायको औपचारिक शिक्षा/विद्यालय शिक्षाप्रति खासै रूचि नभएकाले औपचारिक शिक्षा एवं प्रौढ शिक्षाप्रति ध्यान जगाउन शैक्षिक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, लामा समुदायको पहुँचमा हुने गरी विद्यालय एवं स्वास्थ्य चौकीहरूकोस्थापना गरिनुपर्ने जस्ता कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

बराल (२०६२), ले रसुवा जिल्लाको राम्चे गा.वि.स.मा बसोबास गर्ने तामाङ् समुदायको बारेमा शोध अध्ययन गरेकी छन् । **तामाङ जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाः एक समाजशास्त्रीय अध्ययन** शीर्षक रहेका उक्त शोधकार्यमा तामाङहरू पुर्खौं अघिदेखि यस स्थानमा बसोबास गर्दै आएका, आफ्नै खालका सामाजिक संरचना, मूल्य मान्यता रहेको, उनीहरूले बोल्ने भाषा, उनीहरूको रहनसहन संस्कार र संस्कृतिमा पनि मौलिकपना रहेको, कृषि, पशुपालन, ज्यालादारी तथा भारी बोक्ने उनीहरूको मुख्य पेशा रहेको र उनीहरूको आर्थिक अवस्था निकै कमजोर रहेको जसको असर उनीहरूको बालबालिकाको शिक्षामा परेको तथा उनीहरूको साक्षरता दर पनि न्यून रहेको निश्कर्ष निकालेकी छन् । कृषिमा आधारित आयआर्जनमा सुधार गर्नुपर्ने, धेरै अभिभावक निरक्षर भएकाले प्रौढ शिक्षाको व्यवसथा गर्नु पर्ने तथा भाषिक कठिनाइले गर्दा शिक्षा

आर्जनमा कठिनाइ भएकोले मातृभाषामा पाठ्यक्रम बनाई मातृभाषामा पठनपाठनको व्यवस्था गर्नुपर्ने, समुदायको पहुँचमा विद्यालय एवं स्वास्थ्य चौकीको स्थापना गरिनुपर्ने र लोप हुन लागेको उनीहरूको मौलिक संस्कृति एवं संस्कारहरूको संरक्षणमा ध्यान दिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेकी छन् ।

रेग्मी (२०६४), ले गोरखा जिल्लाको ध्याल्चोक गा.वि.स.मा बसोबास गर्ने **चेपाङ जातिको सामाजिक, आर्थिक अवस्था र प्राथमिक शिक्षामा पहुँच** शीर्षकमा शोधकार्य गरेका छन् । चेपाङ जातिको सामाजिक आर्थिक अवस्थाको विश्लेषण गर्ने तथा चेपाङ समुदायको प्राथमिक शिक्षामा पहुँचको स्थितिको विश्लेषण गर्ने उद्देश्यले गरिएको उक्त शोधकार्यमा नेपालका अतिसिमान्तकृत समुदायमध्ये चेपाङहरू पनि एक जाति रहेको, उनीहरूको आफ्नै सामाजिक मूल्य मान्यता, परम्परा र रहनसहन रहेतापनि आधुनिकताले उनीहरूको मौलिकपनामा प्रभाव पारेको, कृषि नै उनीहरूको मुख्य जीवकोपार्जन र आयआर्जनको माध्यम रहेको, आर्थिक अवस्था ज्यादै नाजुक रहेको र त्यसको प्रभाव बालबालिकाको शिक्षामा पनि परेको तथा उनीहरूको साक्षरता दर ज्यादै न्यून (३९ प्रतिशत) रहेको निष्कर्ष निकालेका छन् । परम्परागत कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिमा जोड दिनुपर्ने, आयआर्जन तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा शैक्षिक स्तर, साक्षरता दरमा सुधार ल्याउनको लागि छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, पाठ्यसामग्रीको व्यवस्था गर्नु पर्ने तथा समुदायको पहुँचमा विद्यालय हुनुपर्ने एवं प्रौढ शिक्षाको व्यवस्था गरिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

तामाङ (२०६९), ले **तामाङ जातिको आर्थिक एवं शैक्षिक अवस्था** शीर्षकमा सिन्धुपाल्चोक जिल्लाको गोल्चे गा.वि.स.मा बसोबास गर्ने तामाङ समुदायको अध्ययन गरेका छन् । तामाङ जातिको आर्थिक अवस्थाको विश्लेषण गर्ने तथा शैक्षिक अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा तामाङ समुदायको आयआर्जनको मुख्य पेशा कृषि रहेको तर १५ प्रतिशत तामाङसँग भूमि नरहेको, कृषि उत्पादनबाट ६ महिना पनि निर्वाह नहुने र ज्यालादारी एवं भारी बोकेर जीवन निर्वाह गर्ने निश्कर्ष निकालेका छन् । त्यसैगरी यो समुदायमा साक्षरता दर पनि न्यून रहेको, आर्थिक अवस्थाले बालबालिका शैक्षिक अवस्थामा पनि असर पारेको निष्कर्ष निकालेको छ । यो समुदायको आर्थिक अवस्था निर्क कमजोर रहेकाले आर्थिक स्तर उकास्न लागि स्वरोजगारमूलक कार्यक्रम संचालन गर्नुपर्ने, व्यवसायिक कृषि प्रणालीमा जोड दिनुपर्ने तथा समुदायको शैक्षिक उत्थानका लागि निःशुल्क

पाठ्यपुस्तक, पाठ्यसामग्रीको व्यवस्था, प्रौढ शिक्षा तथा जनचेतनामूलक कार्यक्रमको सञ्चालन तथा समुदायको पहुँचमा विद्यालयको स्थापना गर्नुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

रोक्का (२०६८), ले ओखलढुङ्गा जिल्लाको गाम्नाङ्गटार गा.वि.स.मा बसोबास गर्ने **मगर जातिको आर्थिक अवस्था र यसले विद्यालय शिक्षामा पारेको प्रभाव** शीर्षक शोध अध्ययन गरेका छन् । मगर जातिको आर्थिक अवस्थाको विश्लेषण गर्ने तथा विद्यालय शिक्षामा उनीहरूको पहुँचको अवस्थाको लेखाजोखा गर्ने उद्देश्यले गरिएको यस शोधकार्यमा मगर समुदायको आयआर्जन एवं जिविकोपार्जको मुख्य स्रोत कृषि भएता पनि पछिल्लो समय वैदेशिक रोजगारीले उनीहरूको आर्थिक अवस्था राम्रो रहेको, रोजगारीको लागि सेना पुलिसमा भर्ना हुने तथा वैदेशिक रोजगारका लागि विदेश जाने गरेको, यो समुदायको साक्षरतादर पनि (६१ प्रतिशत) राम्रै रहेको, अधिकांशले माध्यमिक तहको शिक्षा पछि बिचैमा छाड्ने गरेको निश्कर्ष निकालेका छन् । बढ्दो युवा पलायनलाई रोक्नको लागि व्सायिक कृषिमा जोड दिनुपर्ने, विद्यालय शिक्षा सहज र सर्वसुलभ बनाउनु पर्ने तथा मगर समुदायको पहुँचमा उच्च माध्यमिक विद्यालयको स्थापना गरिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरेका छन् ।

## २.३ समिक्षाको निष्कर्ष

नेपालको उत्तरी हिमाली भेगमा बसोबास गर्ने समुदायहरूलाई समग्रमा भोटे भन्ने गरिएता पनि उनीहरूको आ-आफ्नै थर रहेको पाइन्छ । यिनीहरूको उद्गम स्थल तिब्बतको भोट प्रदेश रहेको उनीहरू भोट बर्मेली भाषिक परिवार भित्र पर्ने र वौद्ध धर्म मान्ने गरेको पाइन्छ । उद्गम स्थल, वंशावली एवं धर्म एउटै भए पनि यिनीहरूको संस्कृति, संस्कार तथा भाषामा भने स्थान अनुसार फरक हुने, हिमाली भेगका दरा, खोला तथा खोंच अनुसार यिनीहरूको थरमा विभाजन फरक पर्ने गरेको पाइन्छ ।

यसरी भोट हिमालमा बसोबास गर्ने यी समुदायले आफ्नो वास्तविक थर नलेखि भोटे, लामा, तामाङ, शेर्पा, गुरुङ्ग थर लेखि नागरिकता निकाल्ने गरेको तथा नेपाल सरकारले पनि सोही अनुसार आदिवासी जनजातिको मान्यता दिएको पाइन्छ तर जातीय पहिचानको कुरा आएपछि मात्र उनीहरूले आफ्नो वास्तविक थर लेख्न थालेको पाइन्छ । यिनै समुदाय मध्ये मुगु जिल्लामा बसोबास गर्ने कार्मारोङ् समुदाय पनि एउटा रहेको पाइन्छ । भौगोलिक विकटताको कारणले गर्दा पनि हिमाली भेगमा बसोबास गर्ने विभिन्न समुदायको आर्थिक एवं शैक्षिक अवस्था भने कमजोर रहेको पाइन्छ ।

यसै सन्र्दभमा यहाँ मुगु जिल्लाको श्रीनगर गा.वि.स.मा बसोबास गर्ने कार्मारोङ् समुदायको जनसङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिएको छ ।

# अध्याय तीन : अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको छनोट

यस अध्ययनका लागि अध्ययन क्षेत्रका रूपमा मुगु जिल्लाको श्रीनगर गा.वि.स. को वडा नं ४ र ५ लाई छानिएको छ । अध्ययन क्षेत्रको छनोट अनुसन्धानकर्ताको पायक पर्ने, परिचित तथा सीमित स्रोत साधनको दृष्टिकोणले सुविधाजनक नमुना छनोट विधिबाट स्वविवेकले गरिएको हो । यो क्षेत्रमा कार्मारोङ् समुदायको बसोबास रहेको र उनीहरूको पर्याप्त अध्ययन अनुसन्धान नभएको हुदाँ कार्मारोङ् समुदायको आर्थिक,जनसङ्ख्यिक तथा शैक्षिक अवस्थालाई प्रकाशमा ल्याउनका लागि पनि यो क्षेत्र छनोट गरिएको हो ।

## ३.२ जनसङ्ख्याको छनोट

यस अध्ययनमा श्रीनगर गा.वि.स. को वडा नं ४ र ५ मा रहेका सबै कार्मारोङ् घरधुरीलाई समावेश गरिएको छ । वडा नं ४ मा १८ घरधुरी र वडा नं ५ मा ४० घरधुरी रहेका छन् । यसरी अध्ययन क्षेत्रमा रहेका सबै ५८ घरधुरी कार्मारोङ् घरधुरी नै अध्ययनको जनसङ्ख्या हुन् ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनमा प्राथमिक तथा द्वितीयक स्रोतबाट प्राप्त तथ्याङ्कहरूको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क यस अध्ययनको प्रमुख आधार हो । अन्तर्वाता सूचीको सहायताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने स्थानीय बुद्धिजीवी, सामाजिक अगुवा तथा राजनीतिक दलका प्रतिनिधिहरू सँग पनि अन्तर्वार्ता तथा छलफलका माध्यमबाट थप सूचना संकलन गरिएको छ । यसैगरी द्वितीयक तथ्याङ्क स्रोतका रूपमा प्रकाशित तथा अप्रकाशित कृति, लेख रचनाको पनि प्रयोग गरिएका छन् ।

यस अनुसन्धान कार्यका निमित्त प्राथमिक र द्वितीयक दुई प्रकारका स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्कहरू शोधकर्ताद्वारा अध्ययन क्षेत्रमा पुगी अवलोकन तथा अन्तर्वार्ता सूचीको प्रयोगद्वारा संकलन गरिएको छ भने द्वितीयक तथ्याङ्कहरू शोधसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिका आदिबाट संकलन गरिएको छ ।

यो शोधकार्यका निमित्त मुगु जिल्लाको श्रीनगर गा.वि.स.का वार्ड नं. ४ र ५ मा बसोबास गर्दै आइरहेका कार्मारोङ् समुदायका व्यक्तिलाई उत्तरदाता बनाइएको छ । तथ्याङ्क संकलनका लागि प्रमुख रूपमा घरघुरी सर्वेक्षण उपयोगमा ल्याइएको छ ।

यस अध्ययनका लागि कार्मारोङ् समुदायको घरधुरी सर्वेक्षण गर्ने, तथा अन्तर्वार्ताको सहायता बाट प्राथमिक तथ्याङ्क संकलन गरिएकोछ भने विभिन्न संघसंस्थाबाट समेत तथ्याङ्क प्राप्त गरिएको छ ।

घरधुरी सर्वेक्षण र सन्दर्भ सामग्रीहरूबाट प्राप्त तथ्याङ्क सूचना एवं जानकारीहरूलाई यस अध्ययनको उद्देश्य अनुसार वर्गीकरण गरी तालिकीकरण तथा चित्रहरूको उपयोग गरी व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरू

प्राथमिक तथ्याङ्क संकलनको प्रमुख आधार अन्तर्वाता सूची हो । कार्मारोङ् समुदायको आर्थिक, जनसाङ्ख्यिक तथा शैक्षिक अवस्था सम्बन्धि तथ्याङ्कको संकलन घरधुरी सर्वेक्षण बाट गरियो । यसको लागि संरचित अन्तर्वाता सूचीको प्रयोग गरिएको छ । त्यसैगरी अन्तर्वार्ता तथा छलफलबाट पनि थप तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययनको उद्देश्य पूरा गर्नका लागि अन्तर्वार्ता सूची निर्माण गरी घरधुरी सर्वेक्षण गरियो । स्थानीय बुद्धिजीवी, सामाजिक अगुवा तथा राजनीतिक दलका प्रतिनिधिहरूसँग पनि अन्तर्वार्ता तथा छलफलका माध्यमबाट थप सूचना संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषणका लागि मात्रात्मक तथा गुणात्मक प्रविधिको प्रयोग गरिएको छ । स्थलगत सर्वेक्षण पश्चात् संकलित सूचनाहरूलाई आवश्यकता अनुसार तालिकीकरण गरिएको छ । तथ्याङ्क विश्लेषणमा सामान्य साङ्ख्यिकीय विधिको पनि प्रयोग गरिएको छ । यसैगरी चित्र तथा नक्साहरूलाई पनि तथ्याङ्क विश्लेषणमा प्रयोग गरिएको छ ।

# अध्याय चार : अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको अवस्थिति, सिमाना र क्षेत्रफल


मुगु जिल्लाको नामाकरण सम्बन्धमा विभिन्न भनाईहरू पाइएतानि जिल्लाको उत्तरी भेगमा रहेको मुगु गाउँको नामबाट यस जिल्लाको नाम "मुगु" रहन गएको पाइन्छ । नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने कर्णाली अञ्चलका ५ वटा जिल्लाहरूमध्ये उत्तरी भेगमा अवस्थित विकट दुर्गम र पिछडिएको जिल्लाको रूपमा मुगुलाई लिइन्छ । ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा पौराणिक किम्बदन्तिहरूले धनी जिल्लाको रूपमा चिनिने मुगु जिल्लाको सदरमुकाम गमगढी हो । मुगाल भनेर चिनिने यस क्षेत्रका बासिन्दाहरू रारातालको मालिक भन्न रुचाउने गरेको पाइन्छ । मुगु जिल्लाको पूर्वमा डोल्पा जिल्ला, पश्चिममा बाजुरा जिल्ला, उत्तरमा हुम्ला जिल्ला तथा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा जुम्ला तथा कालीकोट जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल ३१०३ वर्ग कि.मी. रहेको छ । यो जिल्लालाई २४ गाँउ विकास समिति र ९ इलाकामा विभाजन गरिएको छ । यस जिल्लाको सदरमुकाम गमगढी हो ।

समुन्द्री सतहबाट १२०१ मिटर देखि ६८१७ मिटरसम्मको उचाईमा विस्तार भएको यो जिल्ला कान्जीरोवा हिमालको काखमा अवस्थित रहेको छ । नेपालको सबैभन्दा मनोरम दृश्य र प्राकृतिक छटाले भरिपूर्ण रारा ताल सदरमुकाम गमगढीको शिरमा रहेको छ । नेपालकै ठूलो र प्रसिद्ध राराताल (जुन समुद्र सतहदेखि करीब २२६६ मीटर उचाईमा रहेको छ( ले जिल्लाको शोभा बढाएको छ भने गमगढीको तलबाट अविरल बहने मुगुकर्णाली तथा हुम्लाकर्णाली नदीले त्यहाँको वातावरण अझ रमाइलो बनाएको पाइन्छ । यस जिल्लामा सदावहार वहने मुगुकर्णाली, हुम्लाकर्णाली जस्ता नदीहरू तथा अनेक खोलानाला एवं झरनाहरूको साथै रारातालको नीलो पानीको लहरले वटुवाहरू एवं पर्यटकलाई आश्चर्य चकित तुल्याउन एवं मनोरञ्जन दिन सक्षम भएको पाइन्छ । रारातालको छेउछाउमा विचरण गर्ने डाँफे, कालिज चराहरूको सुमधुर धुन र कस्तुरीहरूको नाचले मुगु जिल्लाको विशेष परिचय दिएको पाइन्छ ।

जिल्लामा जीवन निर्वाहको लागि गरिने आर्थिक क्रियाकलापहरूमा कृषि, पशुपालन, सानाव्यवसाय र जडीबुटी संकलन प्रमुख रहेको पाइन्छ । मुगु जिल्ला भौगोलिक, वातावरणीय विविधतासँगै धार्मिक, सांस्कृतिक तथा भेषभुषामा विविधता भएको जिल्लाको रूपमा चिनिन्छ । यहाँको सांस्कृतिक विविधता पनि अनौठो छ, कतै भोटेसेलोको प्रधानता छ भने कतै देउडा गीतको लोकप्रियता देख्न

पाइन्छ । जैविक विविधताले भरिपूर्ण हुनुका साथै विभिन्न बहुमुल्य जडीबुटीहरूको खानीको रूपमा परिचित रहेको पाइन्छ । भर्खर भर्खर मात्र यातायातको सन्जाल बाट जोडिएको यो जिल्लामा सञ्चार, विद्यूत्, शिक्षाको विकासले पनि विस्तारै गति लिन थालेको पाइन्छ ।

**श्रीनगर गा.वि.स.**




**मान चित्र ४.१ : श्रीनगर गा.वि.स.**

## ४.२ भू-आकृति तथा धरातलीय स्वरूप

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलका ५ वटा जिल्लाहरू मध्ये उत्तर पश्चिममा अवस्थिति मुगु जिल्ला विकट हिमाली जिल्लाको रूपमा रहेको छ।

विश्वमान चित्रमा ८१°४६'४०" देखि ८२°४९'५७" पुर्वी देशान्तर र २९°५६'२३" देखि २९°५६'३०" उत्तरी अक्षांश को बिचमा विस्तार भएको यो जिल्लाको कुल क्षेत्रफल ३,५३५ वर्ग कि.मी रहेका छ जुन नेपालको कुल क्षेत्रफलको २.११ प्रतिशत हो । नेपालको मध्य पश्चिम विकास क्षेत्रमा पर्ने यो जिल्ला मानव विकास सूचाकको दृष्टिकोणले ७५ औ स्थानमा रहेको जिल्ला हो । गमगढी सदरमुकाम रहको यो जिल्लालाई २४ गाँउ विकास समिति तथा ९ इलाकामा विभाजन गरेको पाइन्छ। त्यसै गरी मुगु जिल्लालाई स्थानियरूपमा सोरु भेग, खत्याड भेग, गम भेग र करान भेग गरी चार भेगमा विभाजन गरेको पाइन्छ।

मुगु जिल्लाको २४ गा.वि.स. हरू मध्ये श्रीनगर गा.वि.स. पनि एक हो। मुगु जिल्लाको सदरमुकाम गमगढी पनि यही गा.वि.स. रहेको छ। यो गा.वि.स. को कुल क्षेत्रफल १६,७१५.०९ हेक्टर रहेको छ। श्रीनगर गा.वि.स. जिल्लाको करिब करिब मध्य भागमा रहेको पाइन्छ। यस गा.वि.स. को पुर्वमा रोवा गा.वि.स., पश्चिममा रारा गा.वि.स., उत्तरमा कार्कीवाडा गा.वि.स. र दक्षिणमा रुगा गा.वि.स. अवस्थित छ। यस गा.वि.स. लाई ९ वटा वडामा विभाजन गरिएको छ जसमध्ये वडा नं ४ र ५ मा कार्मारोङ् समुदायको बसोबास रहेको पाइन्छ।

### ४.२.१ धरातलीय स्वरूप

मुगु जिल्लाको धरातलीय फैलावट उच्च पहाडी भाग देखि हिमाल सम्म भएकाले धरातलिय स्वरूपमा निकै विविधता रहेको पाइन्छ। समुन्द्री सतहबाट १२०१ मिटर देखि ६८१७ मिटरसम्मको उचाई पाइने जिल्लाको धरातलिय स्वरूपमा उचाईगत प्रभाव पनि परेको पाइन्छ। उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्वत सम्म विस्तार भएको मुगु जिल्लामा उच्च हिमाली श्रृखलादेखि महाभारत पर्वत श्रृखलाका उच्च पहाडी भागको साथै केही उच्च हिमाली उपत्यका तथा पाटनहरू पनि रहेको पाइन्छ। यस जिल्लाको अधिकाशं भू-बनावट भिरालो परेको र कडा चट्टान तथा उच्च भाग ढाकेको पाइन्छ।

मुगु जिल्लाको जस्तै श्रीनगर गा.वि.स. को धरातलिय स्वरूपमा पनि विविधता रहेको पाइन्छ । समुन्द्र सतहबाट झण्डै २२०० मिटर उचाईमा रहेको श्रीनगर गा.वि.स. को भू-बनोट दक्षिण ढाल परेको र केही समथरिलो रहेको पाइन्छ । यस गा.वि.स. को पनि अधिकाशं भू-बनावट भिरालो परेको र कडा चट्टान तथा उच्च भू-भागले ढाकिएको पाइन्छ ।

### ४.२.२ वनस्पति

मुगु जिल्लामा विभिन्न प्रकारका हावापानी पाइए जस्तै विभिन्न प्रकारका बनस्पतिहरू पाइने गर्दछ । जिल्लाको अधिकाशं क्षेत्रमा कोणधारी तथा पतझर बन पाइन्छ । जडीबुटी (र्यासागुम्बा) को लागि त मुगु जिल्ला प्रख्यातै रहेको पाइन्छ । श्रीनगर गा.वि.स को अधिकाशं भागमा कोणधारी तथा पतझर बनस्पति पाइने गर्दछ ।

### ४.२.३ हावापानी

जिल्लाको धरातलीय फैलावट उच्च पहाडी भाग देखि हिमाल सम्म भएकाले हावापानीमा पनि विविधता पाउन सकिन्छ । मुगु जिल्लामा विशेष गरी चार प्रकारका हावापानी पाइने गर्दछ । जिल्लाको दक्षिण पश्चिम भागमा करिब १५०० देखि २००० मिटरको उचाईमा शुक्का समशीतोष्ण हावापानी पाइन्छ । त्यस्तै २००० देखि ३००० मीटर उचाईमा आर्द्र शितोष्ण, ३००० देखि ४००० मीटर उचाईमा शित प्रधान र ४००० मीटर भन्दा माथिको भागमा शित प्रधान हिमाली हावापानी पाइन्छ (जि.वि.स., २०६६) ।

मुगु जिल्लामा ग्रिष्ममा अधिकतम् तापक्रम ३० डिग्री सेल्सीयम देखि ८ डिग्री सेल्सीयम सम्म र हिउद याममा हिमपमतका कारण तापक्रम ज्यादै न्यून हुने गरेको पाइन्छ । जिल्लाको माथिल्लो भाग सदैव हिउले ढाकिएको पाइन्छ (जि.वि.स., २०६६) ।

मुगु जिल्लामा बार्षिक बर्षामा पनि एकरूपता रहेको पाइँदैन । जिल्लाको दक्षिण पश्चिम भागमा बार्षिक औसत बर्षा ९०३ मीलिमीटर देखि ९३८ मीलिमीटर सम्म हुने गरेको पाइन्छ भने उत्तरी पूर्वी भागमा ४७४ मीलिमीटर सम्म बर्षा हुने गरेको पाइन्छ । यस जिल्लामा श्रावण र भाद्र महिनामा बढी र कार्तिक तथा मंसीर महिनामा कम बर्षा हुने गरेको पाइन्छ । जिल्लामा जस्तै श्रीनगर गा.वि.स. मा पनि हावापानी, तापक्रम तथा बर्षामा विविधता रहेको पाइन्छ (जि.वि.स., २०६६) ।

### ४.२.४ माटो

मुगु जिल्लाको भू-फैलावट उच्च पहाडी क्षेत्र हुदै उच्च हिमाली क्षेत्र सम्म भएकाले विभिन्न प्रकार को माटो पाउन सकिन्छ । जिल्लाको अधिकाशं क्षेत्रमा चट्टान फुस्रिएर बनेको बलौटे माटो पाइन्छ भने कही स्थानमा हिमाली माटो पाउन सकिन्छ । श्रीनगर गा.वि.स मा भने चट्टान फुस्रिएर बनेको बलौटे माटो पाइने गर्दछ ।

### ४.२.५ जलस्रोत (नदी तथा ताल तलैया)

मुगु जिल्ला जल श्रोतको दृष्टिकोण बाट पनि सम्पन्न जिल्लाको रूपमा रहेको पाइन्छ । जिल्लाको करीब ०.४ प्रतिशत क्षेत्रफल तालतलैयाले ढाकेको पाइन्छ । नेपालकै सबै भन्दा ठूलो र प्राकृति छटाले भरिपूर्ण रारा तालको साथै ऋणमोक्ष ताल एवं बैकुण्ठ ताल जस्ता प्रसिद्ध तालहरू पनि मुगु जिल्लामा रहेको पाइन्छ ।

चिनको स्वाशासित क्षेत्र तिब्बतबाट उत्पति भई बहने मुगु कर्णाली, हुम्ला कर्णली तथा डोल्फु कर्णाली जिल्लाका मुख्य नदीहरू छन् । यी नदीले जिल्लाको सिमाना छुट्याउने काम समेत गरेको पाइन्छ । यी नदी तथा खोलाहरू जिल्लाको उत्तर भागबाट पूर्व तथा पश्चिम तर्फ बहेका छन् ।

### ४.२.६ भू-उपयोग

भू उयोगको दृष्टिकोणबाट मुगु जिल्लाको कुल भू-भागको करीब ५.२ प्रतिशत भाग मात्र कृषिको लागि उपयुक्त रहेको पाइन्छ भने ०.५ भू भागमा मात्र साधारण सिंचाईको सुविधा पुगेको पाइन्छ । जिल्लाको करीब ३० प्रतिशत भू भाग नाङ्गो डाँडाले ढाकेको पाइन्छ जुन खेतिपाति तथा पशुालनका लागि समेत अनुपयुक्त रहेको पाइन्छ छ ।

मुगु जिल्लाको जस्तै श्रीनगर गा.वि.स को भू-उपयोगमा विविधता रहेको पाइन्छ । यस गा.वि.स. को भू-बनावट केही समथर रहेकाले कृषि कार्यको लागि समेत उपयुक्त रहेको पाइन्छ । गा.वि.स को २९.३१ प्रतिशत भू-भाग कृषि क्षेत्रको लागि उपयुक्त रहेको पाइन्छ । (तालिका ४.२.६)

**तालिका ४.२.६ : श्रीनगर गा.वि.स को भू-उपयोग सम्बन्धि विवरण**

| भू-उपयोगको प्रकार | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत (%) |
|---|---|---|
| कृषि योग्य जमिन | ९४३.१८ | २९.३१ |
| बनले ढाकेको क्षेत्र | ६४३.६० | ९.८५ |
| चरन क्षेत्र | ८५५.५० | ५.११ |
| नाङ्गोडाडाँ | ८२७७.५० | ४९.५२ |
| झाडी क्षेत्र | ६४.७० | ५.३८ |
| हिउँले ढाकेको क्षेत्र | ९९.३७ | ०.३८ |
| नदी ताल तलैया पोखरी अन्य | ३१.८ | ०.४५ |
| कुल क्षेत्रफल | १६,७१५.०९ | १०० |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, मुगु २०७०/७१

तालिका ४.२.६ का अनुसार यहाँको माटो र हावापानी कृषि योग्य छ । यस गा.वि.स. को अधिकांश बनजंगल कोणधारी र पतझड किसिमको छन् । विभिन्न नदीनालाहरू पूर्वबाट उत्तर दक्षिण र दक्षिणबाट उत्तर तर्फ बगेका छन् । प्राकृतिक रूपमा मनोरम देखिने यो गा.वि.स. मानव बसोबासको लागि उपयुक्त हुनुका साथै कृषि पशुपालन तथा सामान्य फलफुल उत्पादनको दृष्टिले उपयुक्त देखिन्छन् ।

## ४.३ सामाजिक तथा सांस्कृतिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार मुगु जिल्लाको कुल जनसङ्ख्या ५५,२८६ रहेको छ । कुल ९६१६ घरधुरी रहेको यस जिल्लामा पुरुषको संख्या २८,०२५ र महिलाको संख्या २७,२६१ रहेको छ । १६ व्यक्ति/वर्ग कि.मी. जनघनत्व रहेको यस जिल्लामा ठकुरी तथा क्षेत्री जातिको बाहुल्यता रहेको पाइन्छ भने ब्राह्मण, तामाङ, लामा, दलित तथा मुसलमानको पनि बसोबास रहेको पाइन्छ ।

श्रीनगर गा.वि.स को शन्दर्भमा हेर्दा गा.वि.स. को कुल जनसङ्ख्या ३,९०६ रहेको छ । कुल ७७२ घरधुरी रहेको यस गा.वि.स मा पुरुषको संख्या २,०१७ र महिलाको संख्या १,८८९ रहेको छ । यस गा.वि.स मा पनि ठकुरी तथा क्षेत्री जातिको बाहुल्यता रहेको पाइन्छ भने ब्राह्मण, तामाङ, लामा तथा दलित जातिको मिश्रित बसोबास रहेको पाइन्छ । तर कार्मारोङ् समुदायलाई तामाङ् तथा लामा भित्र समावेश गरेकाले छुट्टै तथ्याङ्क भने उपलब्ध भएको पाइदैन ।

## जातजाति

नेपाल बहुजाति, बहुभाषि एवम् बहुधार्मिक देश भए झैं मुगु जिल्लामा पनि विभिन्न जातजाति, भाषाभाषी एवम् धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाइन्छ । यस जिल्लामा क्षेत्री, ठकुरी, शर्पा, ब्राह्मण तथा दलित जातिको बाहुल्यता रहेको पाइन्छ । वि.स २०६८ को तथ्याङ्क अनुसार मुगु जिल्लामा ४४.३० प्रतिशत क्षेत्री, १७.०० प्रतिशत ठकुरी, १६.३० प्रतिशत दलित, १०.१३ प्रतिशत शेर्पा (शेर्पा, तामाङ् तथा कार्मारोङ्) तथा ४.३४ प्रतिशत बाह्मणको बसोबास रहेको पाइन्छ । कार्मारोङ् जातिलाई पनि शेर्पा भित्र समावेश गरिएको हुदाँ कार्मारोङ् को छुट्टै जानसङ्ख्यिक विवरण उपलब्ध छैन ।

## धार्मिक परम्परा

मुगु जिल्लामा हिन्दु धर्मावलम्बीको बाहुल्यता रहेको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार यस जिल्लाका ८६.४४ प्रतिशतले हिन्दु धर्म मान्ने गरेको पाइन्छ । त्यसैगरी १२.५१ प्रतिशतले वौद्ध धर्म मान्ने गर्दछ । अन्य धर्म मान्नेको सङ्ख्या भने न्यून रहेको पाइन्छ ।

श्रीनगर गा.वि.स. मा पनि हिन्दु धर्मावलम्बीको बाहुल्यता रहेको पाइन्छ । यस गा.वि.स.मा ९५.८० प्रतिशतले हिन्दु र ३.५० प्रतिशत वौद्ध धर्म मान्ने गरेको पाइन्छ । श्रीनगर गा.वि.स. मा अन्य धर्म मान्नेको संख्या न्यून रहेको पाइन्छ । धार्मिक दृष्टिकोणबाट हेर्दा मुगु जिल्ला र श्रीनगर गा.वि.स.को तथ्याङ्क नमिल्दो देखिन्छ । मुगु जिल्लामा १२.५१ प्रतिशत वौद्ध धर्ममान्ने भएता पनि श्रीनगर गा.वि.स.मा केबल ३.५० प्रतिशतले मात्र वौद्ध धर्म मान्ने गरेको पाइन्छ ।

## चाडपर्व एवं रीतिरिवाज

कार्मारोङ् समुदायको आफ्नै प्रकारका चाडपर्व तथा रीतिरिवाजहरू रहेका छन् । ल्होसार यो समुदायको प्रमुख चाड हो । ल्हिजो पात्रो अनुसार मनाइने यो चाडलाई नयाँ वर्षको रूपमा मनाउने गर्दछन् । एक अर्का बिच शुभकामना आदानप्रदान गरेर तथा धुनवाठा खेलेर १०-१५ दिनसम्म ल्होसार मनाउने गर्दछन् । ल्होसार पछि म्हाने, नाचने मेला, पिरिम, दुरिम तथा पिलाङ् पर्वहरू पनि कार्मारोङ् समुदायले मनाउने गर्दछन् । अन्य समुदायमा भन्दा कार्मारोङ् समुदायमा जन्म संस्कार, विवाह संस्कार तथा मृत्यु संस्कार छुट्टै रहेको पाइन्छ ।

# अध्याय पाँच : कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था

यस अध्यायमा कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था को व्याख्या र विश्लेषण गरिएको छ ।

## ५.१ जनसाङ्ख्यिक अवस्था

विकट हिमाली जिल्लाको रूपमा रहेको मुगु जिल्लामा जनसङ्ख्याको वितरण पातलो रहेको पाइन्छ तरपनि यहाँ विभिन्न जातजाती एवं समुदायका मानिसहरूको बसोबास रहेको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ५५,२८६ रहेको पाइन्छ । जसमा पुरुषको सङ्ख्या २८,०२५ (५०.६९ प्रतिशत) र महिलाको सङ्ख्या २७२६१ (४९.३१ प्रतिशत) रहेको छ । कुल ९,६१६ घरघुरी रहेको यस जिल्लाको जनघनत्व १६ जना प्रतिवर्ग कि.मि रहेको पाइन्छ । जिल्लाका २४ वटा मध्ये सदरमुकाम गमगढी रहेको गा.वि.स. हो श्रीनगर । यस गा.वि.स. को कुल जनसङ्ख्या ३९०६ रहेको पाइन्छ । जसमा पुरुषको सङ्ख्या २०१७ (५१.६३ प्रतिशत) र महिलाको सङ्ख्या १८८९ (४८.३७ प्रतिशत) रहेको छ भने ९,६१६ घरघुरी रहेको पाइन्छ ।

### ५.१.१ जनसङ्ख्याको आकार तथा घरधुरी विवरण

वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार नेपालको कुल जनसङ्ख्या २६४९४५०४ रहेको छ भने मुगु जिल्लाको कुल जनसङ्ख्या ५५२८६ रहेको पाइन्छ । नेपालको मुगु जिल्लाको, श्रीनगर गाविसको तथा कामारोङ् समुदायको जनसङ्ख्याको आकार तथा घरधुरी सम्बन्धी विवरण तालिका ५.१.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.१ : जनसङ्ख्या तथा घरधुरी विवरण**

| विवरण | घरधुरी सङ्ख्या | जनसङ्ख्या |
|---|---|---|
| नेपाल | ५४२७३०२ | २६४९४५०४ |
| मुगु जिल्ला | ९६१९ | ५५२८६ |
| श्रीनगर गा.वि.स. | ७७२ | ३९०६ |
| कामारोङ् समुदाय | ५८ | १८० |

स्रोतः के.त.वि., २०६८, स्थलगत अध्ययन, २०७२ ।

तालिका ५.१.१ अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ र कुल घरधुरी सङ्ख्या ५४,२६.३०२ रहेको पाइन्छ । मुगु जिल्लाको कुल जनसङ्ख्या ५५२८६ र घरधुरी सङ्ख्या ९६१९ रहेको पाइन्छ । मुगु जिल्लाको कुल जनसङ्ख्याको ०.२० प्रतिशत जनसङ्ख्याको बसोबास रहेको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार श्रीनगर गा.वि.स.को कुल जनसङ्ख्या ३९०६ रहेको छ भने कुल घरधुरी सङ्ख्या ७७२ रहेको छ । यस गा.वि.स.मा जिल्लाको ७.०६ प्रतिशत जसङ्ख्याको बसोबास रहेको पाइन्छ । मुगु जिल्ला तथा श्रीगर गा.वि.स.मा बसोबास गर्ने विभिन्न समुदायहरू मध्ये कामारोङ पनि एक समुदाय हो । मुगु जिल्लाको अलवा जुम्ला जिल्लाका केही गा.वि.स.हरूमा पनि यो समुदायका मानिसहरूको बसोबास रहेको पाइन्छ तर नेपाल सरकारले छुट्टै जातिको मान्यता नदिएको र केन्द्रीय तथ्याङ्क विभागले पनि छुट्टै तथ्याङ्क सार्वजनिक नगरेको तथा उनीहरूले पनि तामाङ, लामा थर लेखेर नागरिकता निकाल्ने गरेका कारण उनीहरूको वास्तविक तथ्याङ्क एकिन हुन सकेको छैन । तर करानी सामुदायिक विकास केन्द्रले वि.सं. २०६५ सालमा मुगु र जुम्ला जिलको गरी १० गा.वि.स.मा गरेको गणना अनुसार कार्मारोङ्हरूको कुल जनसङ्ख्या ४,७१७ र कुल घरधुरी सङ्ख्या ७२ रहेको पाइन्छ ।

### ५.१.२ लिङ्ग तथा उमेर समूह अनुसार जनसङ्ख्याको विवरण

विभिन्न उमेर समूह अनुसार नेपालको मुगु जिल्लाको तथा कार्मारोङ् समुदायको जनसङ्ख्या विवरण तालिका ५.१.२ प्रस्तुत गरिएको छ ।

| उमेर समूह | नेपाल | | | | मुगु जिल्ला | | | | कार्मारोङ् समुदाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | प्रतिशत | पुरूष | महिला | जम्मा | प्रतिशत | पुरूष | महिला | जम्मा | प्रतिशत |
| ०-४ | १३१४९५७ | १२५३३०६ | २५६७९६३ | ९.६९ | ४३५४ | ४२६३ | ८६१७ | १५.५९ | १४ | ६ | २० | ११.११ |
| ५-९ | १६३५१७६ | १५६९६८३ | ३२०४८५९ | १२.१० | ३९८३ | ३८७४ | ७८५७ | १४.२१ | ६ | १५ | २१ | ११.६६ |
| १०-१४ | १७६४६३० | १७१०७९४ | ३४७५४२४ | १३.१२ | ३६३५ | ३५५२ | ७१८७ | १३.०० | १० | १८ | २८ | १५.५५ |
| १५-१६ | १४४३१९१ | १४८८७८९ | २९३१९८० | ११.०७ | २६०२ | २७२५ | ५३२७ | ९.६४ | ९ | ९ | १८ | १०.१० |
| २०-२४ | १०४३९८१ | १३१४०९० | २३५८०७१ | ८.९० | २१९६ | २३७२ | ४५६८ | ८.२६ | ३ | ८ | ११ | ६.११ |
| २५-२९ | ९१७२४३ | ११६२१११ | २०७९३५४ | ७.८५ | २०५५ | १९२० | ३९७५ | ७.१९ | ६ | ३ | ९ | ५.१० |
| ३०-३४ | ७७०५७७ | ९६४७२८ | १७३५३०५ | ६.५५ | १६०५ | १५६४ | ३१६९ | ५.७३ | १४ | ७ | २१ | ११.६६ |
| ३५-३९ | ७४०२०० | ८६४११९ | १६०४३१९ | ६.०६ | १५६२ | १४०३ | ९६५ | ५.३६ | ९ | ५ | १४ | ७७७ |
| ४०-४४ | ६६०२९० | ७२५८३१ | १३८६१२१ | ५.२३ | १३०७ | ११४४ | २४५१ | ४.४३ | ६ | ३ | ९ | ५.१० |
| ४५-४९ | ५७५१०१ | ५९७८५८ | ११७२९५९ | ४.४३ | ११४९ | ८८५ | २०३४ | ३.६८ | ३ | ३ | ६ | ३.३३ |
| ५०-५४ | ५०५८६४ | ४९९६१२ | १००५४७६ | ३.८० | ८४३ | ८६१ | १७०९ | ३.०८ | ९ | ५ | १४ | ७.७७ |
| ५५-५९ | ४१२८९२ | ४०५३७१ | ८१८२६३ | ३.०९ | ८५३ | ६४३ | १४९६ | २.७१ | १ | १ | २ | १.१३ |
| ६०+.. | १०६४९३९ | १०८९४७१ | २१५४४१० | ८.१४ | १८८१ | २०५५ | ३९३७ | ७.११ | ४ | ३ | ७ | ३.८९ |

**तालिका ५.१.२ : उमेर समूह अनुसार जनसङ्ख्याको विवरण**

स्रोत : के.त.वि., २०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

जनसङ्ख्यालाई उमेर समूह अनुसार विभिन्न भागमा विभाजन गर्न सकिन्छ । कार्मारोङ् समुदाय, मुगु जिल्ला र नेपालको पिरामिडलाई यहाँ प्रस्तुत गरिएको छ ।


तालिका अनुसार नेपालमा १०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या सबैभन्दा धेरै रहेको पाइन्छ । यो उमेर समूहको जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको १३.१२ प्रतिशत रहेको पाइन्छ । त्यसपछि क्रमशः ५-९ वर्ष, १५-१९ वर्ष र ०-४ वर्ष उमेरसमूहको जनसङ्ख्या रहेको पाइन्छ ।

मुगु जिल्लाको सन्दर्भमा भने ०-४ वर्ष उमेर समूहको जनसङ्ख्या सबैभन्दा धेरै रहेको पाइन्छ । यो उमेर समूहको जनसङ्ख्या जिल्लाको कुल जनसङ्ख्याको १५.५९ प्रतिशत रहेको पाइन्छ । त्यसपछि धेरै जनसङ्ख्या हुने उमेर समूहमा क्रमशः ५-९ वर्ष, १०-१४ वर्ष तथा १५-१९ वर्ष उमेर समूह रहेको पाइन्छ ।

कार्मारोङ् समुदायको उमेर अनुसारको जनसङ्ख्याको विवरण करिब करिब नेपालको तथ्याङ्कसँग मिल्ने खालको रहेको पाइन्छ । यो समुदायमा सबैभन्दा बढी १०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या रहेको पाइन्छ । यो उमेर समूहको जनसङ्ख्या १५.५५ प्रतिशत रहेको पाइन्छ । त्यसपछि धेरै जनसङ्ख्या हुने उमेर समूहमा क्रमशः ५-९ वर्ष, ३०-३४ वर्ष, ४-४ वर्ष तथा १५-१९ वर्ष उमेर रहेको पाइन्छ ।

कार्मारोङ् समुदायको उमेर समूह अनुसारको विवरण संख्यात्मक चित्र ५.१.२ मा प्रस्तुत गरिएको छ ।

### कार्मारोङ् समुदायको जनसङ्ख्या पिरामिड




यसरी उमेर समूह अनुसार कार्मारोङ् समुदायको जनसङ्ख्याको विवरण राष्ट्रिय तथ्याङ्कसँग करिब करिब मेल खाने खालेको रहेको पाइन्छ ।

लिङ्ग अनुसार जनसङ्ख्याको विवरणलाई लैङ्गिक भनिन्छ । नेपाल, मुगु जिल्ला, श्रीगर गा.वि.स. तथा कार्मारोङ् समुदायको जनसङ्ख्याको लैङ्गिक विवरण तालिका ५.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.२ : जनसङ्ख्याको लैङ्गिक विवरण**

| विवरण | पुरूष | | महिला | |
|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| नेपाल | १२८४९०४१ | ४८.५० | १३६४५४६३ | ५१.५० |
| मुगु जिल्ला | २८०२५ | ५०.६९ | २७२६१ | ४९.३१ |
| श्रीनगर गाविस | २०१७ | ५१.६३ | १८८९ | ४८.३७ |
| कार्मारोङ् समुदाय | ९४ | ५२.२२ | ८६ | ४७.७८ |

स्रोत: के.त.वि.,२०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

लैङ्गिक दृष्टिकोणबाट हेर्दा नेपालमा पुरूषभन्दा महिलाको सङ्ख्या धेरै रहेको पाइन्छ । २०६८ सालको तथ्याङ्क अनुसार नेपालमा महिला ५१.५० प्रतिशत र पुरूष ४८.५० प्रतिशत रहेको पाइन्छ । तर मुगु जिल्लामा श्रीनगर गा.वि.स.मा र कार्मारोङ् समुदायमा पनि महिलाभन्दा पुरूषको सङ्ख्या धेरै रहेको पाइन्छ । २०६८ सालकै तथ्याङ्क अनुसार मुगु जिल्ला पुरूष ५०.६९ प्रतिशत र महिला ४९.३१ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी श्रीनगर गा.वि.स.मा पुरूष ५१.६३ प्रतिशत र महिला ४८.३७ प्रतिशत रहेको पाइन्छ । कार्मारोङ् समुदायमा पनि महिला भन्दा पुरूष कै सङ्ख्या धेरै रहेको पाइन्छ । यो समुदायमा ५२.२२ प्रतिशत पुरूष र ४७.७८ प्रतिशत महिला रहेको पाइन्छ । यसरी समग्र नेपाल र मुगु जिल्लाको लैङ्गिक अनुपात फरक/उल्टो रहेको पाइन्छ ।

श्रीनगर गाविसका सन्दर्भमा हेर्दा वडा नं. ४ र ५ मा कार्मारोङ् समुदायको बसोबास रहेको पाइन्छ । ती दुईवटा वडामा गरी ५८ घरधुरी कार्मारोङ्हरू रहेको र उनीहरूको कुल जनसङ्ख्या १८० रहेको पाइन्छ ।

### ५.१.३ जनसङ्ख्याको जातिगत विवरण

२०६८ सालको तथ्याङ्क अनुसार मुगु जिल्लामा बसोबास गर्ने विभिन्न जाति तथा उनीहरूका जनसाङ्ख्यिक विवरण तालिका ५.१.३ मा प्रस्तुत गरिएको छ ।

**तााालिका ५.१.३ : जनसङ्ख्याको जाति/जातिगत विवरण**

| मुगु जिल्ला | | | श्री नगर गा.वि.स. | | |
|---|---|---|---|---|---|
| जाति | जनसङ्ख्या | प्रतिशत | जाति | जनसङ्ख्या | प्रतिशत |
| क्षेत्री | २७०१६ | ४८.८६ | ठकुरी | १७४७ | ४४.७२ |
| ठकुरी | ८४८५ | १५.३५ | क्षेत्री | ११०४ | २८.२६ |
| कामी | ५२३५ | ९.४७ | कामी | ४१३ | १०.५७ |
| तामाङ | ४३५३ | ७.८७ | दमाई | २०८ | ५.३२ |
| ब्राह्मण (पहाडी) | २८८७ | ५.२३ | तामाङ/भोटे | १३९ | ३.५५ |
| दमाई | १७५५ | ३.१८ | सार्की | १३१ | ३.३५ |
| सन्यासी/दशनामी | ७०० | १.२७ | ब्राम्हण | १०७ | २.७३ |
| सार्की | ४७४ | ०.९५ | मगर | २७ | ०.६९ |
| भोटे | ३४३ | ०.६३ | गुरुङ्ग | १९ | ०.४८ |
| कुमाल | १८३ | ०.३४ | मुसलमान | ३ | ०.०७ |
| नेवार | १४५ | ०.२७ | अन्य नखुलेको | ९ | ०.२६ |
| लोहार | १४० | ०.२५ | जम्मा | ३९०६ | १००.०० |
| वादी | ६५ | ०.११ | | | |
| थारू | ५७ | ०.१० | | | |
| मगर | ५४ | ०.१० | | | |
| मल्ल | १८ | ०.०२ | | | |
| लिम्बु | १५ | ०.०२ | | | |
| गुरूङ्ग | १३ | ०.०१९ | | | |
| अन्य नखुलेको | १२२ | ०.२२ | | | |
| जम्मा | ५५२८६ | १००.०० | | | |

स्रोत : के.त.वि., २०६८ ।

तालिका ५.१.३ अनुसार मुगु जिल्लामा १८ जातजातिको बसोबास रहेको पाइन्छ । त्यसमा पनि सबैभन्दा बढी क्षेत्रीहरू रहेको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार मुगु जिल्लामा ४८.८६ प्रतिशत क्षेत्रीहरू रहेको पाइन्छ । त्यसैगरी ठकुरी १५-३५ प्रतिशत कामी ९.४७ प्रतिशत तामाङ, ७.८७ प्रतिशत तथा पहाडी ब्राह्मण ५.२३ प्रतिशत रहेको पाइन्छ ।

यसको साथै दमाइ, सार्की, सन्यासी, भोटे, कुमाल नेवार, लोहार, मगर, गुरूङ्ग, थारू, वादी, आदि जातिको पनि बसोबास रहेको पाइन्छ ।

मुगु जिल्लामा जस्तै श्रीनगर गा.वि.स. मा १० जातजातिको बसोबास रहेको पाइन्छ । यस गा.वि.स. मा ठकुरी जातिको बाहुल्यता रहेको पाइन्छ । २०६८ सालको तथ्याङ्क अनुसार श्रीनगर गा.वि.स.मा ठकुरी ४४.७२ प्रतिशत, क्षेत्री २८.२६ प्रतिशत, तथा कामीको संख्या १०.५७ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी दमाई, तामाङ, सार्की, ब्राम्हण, मगर, गुरुङ्ग तथा मुसलमान जातिको पनि यस गा.वि.स.मा बसोबास रहेको पाइन्छ । तर मगर, गुरुङ्ग तथा मुसलमानको संख्या भने ज्यादै न्यून रहेको पाइन्छ ।

कार्मारोङ्हरूले लामा, तामाङ, भोटे आदि थर लेख्ने गरेका कारण उनीहरूको छुट्टै जनसाङ्ख्यिक विवरण भने उपलब्ध छैन । तरपनि करानी सामुदायिक विकास केन्द्र मुगुले वि.स २०६५।१।१० देखि २०६५।२।१० सम्म मुगु र जुम्ला जिल्लाका गरी १० वटा गा.वि.स.हरू मा कार्मारोङ्हरूको गणना गर्ने काम गरेको पाइन्छ । केन्द्रका अनुसार उनीहरूको कुल घरधुरी सङ्ख्या ८०२ र कुल जनसङ्ख्या ४,७१७ रहेको पाइन्छ । जसमा पुरुषको संख्या २,३२३ अथात् ४९.२ प्रतिशत र महिलाको संख्या २,३९४ अथात् ५०.८ प्रतिशत रहेको पाइन्छ । औसत प्रति घर ५.८८ को संख्यामा बसोबास गरिरहेका कार्मारोङ्हरू एकल र संयुक्त दुवै किसिमका पारिवारिक संरचनामा रहेका पाइन्छ । उनीहरूले गरेको गणनामा विदेश जाने साथै मुगु र जुम्ला जिल्ला बाहेक अन्य जिल्लामा बसोबास गर्ने कर्मारोङ्को सङ्ख्या समावेश गरिएको छैन ।

यसरी केन्द्रीय तथ्याङ्क विभागबाट कार्मारोङ् जातिको छुट्टै तथ्याङ्क सार्वजनिक नगर्ने तथा उनीहरूले पनि कार्मारोङ् नभनी लामा, तामाङ, गुरुङ भनेर नागरिकता निकाल्ने कारणले उनीहरूको वास्तविक जनसङ्ख्या कति छ भनेर उपलब्ध छैन ।

### ५.१.४ भाषा अनुसार जनसङ्ख्याको विवरण

वि.स वि. स २०६८ सालको तथ्याङ्क अनुसार मातृभाषा अनुसार मुगु जिल्ला तथा श्रीनगर गा.वि.स.को जनसङ्ख्या सम्बन्धित विवरण तालिका ५.१.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.४ : मातृभाषा अनुसार जनसङ्ख्याको विवरण**

| मुगु जिल्ला | | | श्रीनगर गा.वि.स. | | |
|---|---|---|---|---|---|
| मातृभाषा | जनसङ्ख्या | प्रतिशत | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
| नेपाली | ५१०५१ | ९२.३५ | नेपाली | ३७१० | ९४.९८ |
| तामाङ | ३६७८ | ६.६५ | तामाङ | १३९ | ३.५५ |
| शेर्पा | ४२८ | ०.७७ | मगर | २१ | ०.५३ |
| मैथली | ३४ | ०.०६१ | गुरुङ्ग | १७ | ०.४३ |
| थारू | २८ | ०.५० | अन्य नखुलेको | १९ | ०.५१ |
| मगर | १६ | ०.०३० | जम्मा | ३९०६ | १००.०० |
| अन्य नखुलेको | ५१ | ०.०९ | | | |
| जम्मा | ५५२८६ | १००.०० | | | |

स्रोतः के.त.वि., २०६८ ।

वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार मुगु जिल्लाको कुल जनसङ्ख्या ५५,२८६ रहेको पाइन्छ । मुगु जिल्लामा पनि विभिन्न भाषिक समुदायको बसोबास रहेको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार मुगु जिल्लामा नेपाली भाषीको अधिक बसोबास रहेको पाइन्छ । यहाँका ९२.३५ प्रतिशत मानिसले नेपाली बोल्ने गरेको पाइन्छ । त्यसैगरी ६.६५ प्रतिशतले तामाङ भाषा बोल्ने गरेको पाइन्छ भने अन्य शेर्पा मैथली, थारू, मगर भाषा बोल्नेको सङ्ख्या न्यून रहेको पाइन्छ ।

श्रीनगर गा.वि.स. मा पनि नेपाली भाषीको बाहुल्यता रहेको पाइन्छ । यहाँ ९४.९८ प्रतिशत नेपाली भाषा बोल्ने गरेको पाइन्छ । त्यसैगरी यहाँका ३.५५ प्रतिशतले तामाङ भाषा बोल्ने गरेको पाइन्छ भने मगर तथा गुरुङ्ग भाषीको सङ्ख्या न्यून रहेको पाइन्छ ।

### ५.१.५ आर्थिक रूपले सक्रिय जनसङ्ख्या


नेपाल, मुगु जिल्ला तथा कार्मारोङ् समुदायको आर्थिक रूपले सक्रिय जनसङ्ख्या सम्बन्धी विवरण तालिका ५.१.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.५ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको विवरण**

| उमेर समूह | आर्थिक रूपमा सक्रिय जनसङ्ख्या प्रतिशत | | |
|---|---|---|---|
| | नेपाल | मुगु जिल्ला | कार्मारोङ् समुदाय |
| ०–१४ | ३९.९१ | ४२.७९ | ३८.४३ |
| १५–५९ | ५६.९६ | ५०.१० | ५७.७७ |
| ६०+... | ८.१३ | ७.११ | ३.८० |
| जम्मा | १००.०० | १००.०० | १००.०० |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन ।

तालिका ५.१.५ अनुसार नेपालको कुन जनसङ्ख्याको ३९.९१ प्रतिशत ०-१० वर्ष उमेर समूहका र ८.१३ प्रतिशत ६० वर्षभन्दा माथि उमेर समूहको रहेको पाइन्छ । यो समूह जनसङ्ख्यालाई आश्रित जनसङ्ख्याको रूपमा पनि लिने गरिन्छ । २०६८ सालकै तथ्याङ्क अनुसार नेपालमा १५-५९ वर्ष उमेर समूहको जनसङ्ख्या ५६.९६ प्रतिशत रहेको पाइन्छ । यो उमेर समूहको जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्याको रूपमा लिइन्छ । मुगु जिल्लाको सन्दर्भमा हेर्दा आर्थिक रूपले सक्रिय उमेर समूहको जनसङ्ख्या ५०.१० प्रतिशत मात्र रहेको पाइन्छ तर कामारोङ समुदायमा भने आर्थिक रूपम सक्रिय उमेर समूहको जनसङ्ख्या ५७.७७ प्रतिशत रहेको पाइन्छ । यसरी नेपालको तथा मुगु जिल्ला भन्दा कार्मारोङ्. समुदायको आर्थिक रूपले सक्रिय जनसङ्ख्याको प्रतिशत धेरै रहेको पाइन्छ । अध्ययन क्षेत्रको सक्रिय जनसङ्ख्याको स्थिति संख्यात्मक चित्र ५.२ मा प्रस्तुत गरिएको छ ।




**चित्र : ५.१.५**

### ५.१.६ जनसङ्ख्याको आश्रित भार

सामान्यतया ०-१४ वर्ष उमेर समूह तथा ६० वर्ष माथिको उमेर समूहको जनसङ्ख्यालाई आर्थिक दृष्टिकोणबाट आश्रित जनसङ्ख्याको रूपमा लिइन्छ । नेपालको तथा मुगु जिल्ला र कार्मारोङ् समुदायको जनसङ्ख्याको आश्रित भए सम्बन्धी विवरण तालिका ५.१.६ मा प्रस्तुत गरिएको छ ।


**तालिका ५.१.६ : जनसङ्ख्याको आश्रित भार**

| विवरण | नेपाल | मुगु जिल्ला | कार्मारोङ् समुदाय |
|---|---|---|---|
| आर्थिक रूपले सक्रिय जनसङ्ख्या (प्रतिशत) | ५६.९७ | ५०.१० | ५७.७७ |
| आश्रित भार (प्रतिशतमा) | ४३.०३ | ४९.९० | ४२.२३ |
| जम्मा | १००.०० | १००.०० | १००.०० |

स्रोतः के.त.वि. २०६८, स्थलगत अध्ययन, २०७२ ।

तालिका ५.१.६ अनुसार नेपालको कुल जनसङ्ख्या मध्ये ५६.९७ प्रतिशत जनसङ्ख्या आर्थिक रूपमा सक्रिय र ४३.०३ प्रतिशत जनसङ्ख्या आश्रित भारको रूपमा रहेको पाइन्छ । त्यसैगरी

मुगु जिल्लामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या ५०.१० प्रतिशत र आश्रित भार ४९.९० प्रतिशत रहेको पाइन्छ । कामारोङ समुदायको सन्दर्भमा ५७.७७ प्रतिशतले जनसङ्ख्या आर्थिक रूपमा सक्रिय र ४२.२३ प्रतिशत जनसङ्ख्या आश्रित जनसङ्ख्याको रूपमा रहेको पाइन्छ । यसरी नेपाल तथा मुगु जिल्लाको भन्दा कार्मारोङ् समुदायको जनसङ्ख्याको आश्रित भार न्यून रहेको पाइन्छ । अध्ययन क्षेत्रको जनसङ्ख्याको आश्रित भार संख्यात्मक चित्र ५.२ मा प्रस्तुत गरिएको छ ।




**चित्र : ५.१.६**

## ५.२ आर्थिक अवस्था

### ५.२.१ पेसागत विवरण

जीवन निर्वाह गर्नको लागि विभिन्न पेशा व्यवसाय अपनाएको पाइन्छ । वि.सं. २०६८ सालको तथ्याङ्क अनुसार नेपालको, मुगु जिल्लाको तथा कार्मारोङ् समुदायको पेशागत विवरण तालिका ५.२.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.१ : पेशागत विवरण**

| पेसा | विवरण प्रतिशतमा | | |
|---|---|---|---|
| | नेपाल | मुगु जिल्ला | कार्मारोङ् समुदाय |
| कृषि तथा पशुपालन | ५३.७० | ७३.९० | ३६.०२ |
| परम्परागत पेसा तथा सिप | ७.१३ | ९.८ | ३९.८४ |
| जडीबुटी संकलन तथा बिक्री | ०.०६ | ७.३ | १४.३१ |
| नोकरी/पेन्सन | ७.९१ | ३.९ | १.३ |
| व्यापार व्यवसाय | १९.९ | २.३ | ६.७० |
| सेवा (प्राविधिक) | ४.० | ०.९० | - |
| वैदेशिक रोजगार | ७.३० | १.९० | १.८० |
| जम्मा | १००.०० | १००.०० | १००.०० |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७२।


तालिका ५.२.१ अनुसार नेपालको ५३.७० प्रतिशत मानिसको जीवकोपार्जनको मुख्य पेसा कृषि तथा पशुपालन रहेको पाइन्छ। त्यसैगरी १९.९ प्रतिशतको व्यापार व्यवसाय, ७.१३ प्रतिशतको परम्परागत पेसा तथा सिप र ७.९१ प्रतिशतको नोकरी मुख्य पेसा रहेको पाइन्छ। नेपालको कुल जनसङ्ख्याको ०.०६ प्रतिशतको भने जडीबुटी संकलन तथा बिक्री विवरण गर्ने मुख्य पेसा रहेको पाइन्छ।

नेपालको जस्तै मुगु जिल्लाको धेरै मानिसको मुख्य पेसा कृषि तथा पशुपालन रहेको पाइन्छ। जिल्लाको ७३.९० प्रतिशत मानिसले कृषि तथा पशुपालनलाई आफ्नो मुख्य पेसाको रूपमा अंगालेको पाइन्छ। त्यसैगरी जिल्लाको ९.८ प्रतिशत जनसङ्ख्याले परम्परागत पेसा तथा सिपलाई ८.३ प्रतिशतले जडीबुटी संकलन तथा बिक्री विवरणलाई आफ्नो मुख्य पेशा बनाएको पाइन्छ। जिल्लामा वैदेशिक रोजगारीलाई आफ्नो मुख्य पेसा बनाउनेको सङ्ख्या १.९ प्रतिशत रहेको पाइन्छ। प्राविधिक सेवामा कार्यरतको सङ्ख्या भने न्यून रहेको पाइन्छ।

नेपाल तथा मुगु जिल्लाको भन्दा कार्मारोङ् समुदायको पेशागत तथ्याङ्क भने केही भिन्न रहेको पाइन्छ। यो समुदायको ३९.८४ प्रतिशत मानिस परम्परागत पेसा तथा सिपमा संलग्न भएको पाइन्छ। त्यसैगरी ३६.०२ कृषि तथा पशुपालनमा, १४.३१ प्रतिशत जडीबुटी

संकलन तथा बिक्री विवरणमा र ६.७० प्रतिशत व्यापार व्यवसायमा संलग्न भएको पाइन्छ । प्राविधिक सेवा तथा नोकरीमा यो समुदाय अझै संलग्नता हुन सकेको पाइँदैन । कार्मारोङ् समुदायको १.८० प्रतिशत मानिसले वैदेशिक रोजारीलाई आफ्नो मुख्य पेसा बनाएको पाइन्छ ।

कार्मारोङ् समुदायको पेसागत विवरण सम्बन्धी सख्यात्मक चित्र ५.२.१ मा प्रस्तुत गरिएको छ ।




**चित्र : ५.२.१**

यसरी कृषि तथा पशुपालन एवं परम्परागत पेसा नै कार्मारोङ् समुदायको मुख्य पेसा रहेको पाइन्छ ।

### क. कृषि तथा पशुपालन

कार्मारोङ्हरूको जीविकोपार्जनको मुख्य आधार कृषि रहेको पाइन्छ । उनीहरूले खेति गरिने जग्गालाई स्याह (खोरिया खन्ने), क्षुमा (सिंचाइ हुने जग्गा) र केम्सीङ (पाखो जग्गा) गरि तीन किसिमले छुट्याइएको पाइन्छ । त्यहाँको जग्गा जमिन भिरालो परेको हुदाँ सानो सानो अनि अग्लो अग्लो पर्खाल लगाउने चलन रहेको पाइन्छ । खेती लगाउँदा एउटा गोरु (झोवा) ले जोत्ने र एउटा जग्गाभित्र एकभन्दा बढी बाली लगाउने प्रचलन पनि रहेको पाइन्छ

उनीहरूले गर्ने मुख्य खेतीहरूमा फापर, आलु, कोदो र चिनु रहेको पाइन्छ भने अन्य बालीहरू मार्स्या, गहुँ तथा जौ को पनि खेति गर्ने गरेको पाइन्छ । चुली, ओखर तथा आरु जस्ता फलफुलको पनि प्रशस्त मात्रामा उत्पादन हुने गरेको पाइन्छ ।

कार्मारोङ्हरूले कृषि सँगै पशुपालन गर्ने गरेको पाइन्छ । उनीहरूले पाल्ने मुख्य पशुहरूमा झोवो (चौरी/याक र स्थानीय नश्लमिश्रित गोरु), झोमु (चौरी/याक र स्थानीय नश्ल मिश्रित गाई ), औली गाई (दैलेख, सुर्खेत, जाजरकोट जस्ता ठाउँबाट ल्याइएको), भेडा-बाख्रा रहेको पाइन्छ । यी पशुहरू आम्दानीका मुख्य स्रोत रहेको पाइन्छ । खेतका लागि मल, दुध, घिउ, मासु, ऊन, बक्राल (बाख्राको ऊन) तथा यातायातका लागि पशुहरूको प्रयोग हन्छ । झोवा, भेडा र खसीलाई भारी बोकाइन्छ । घिउ, खसी, ऊन तथा बक्राल बुनी बेचेर आम्दानी गर्ने प्रचलन रहेको पाइन्छ ।

**ख) व्यापार**

कार्मारोङ्हरू खेतीपातीसँगै व्यापारमा पनि लागेको पाइन्छ । खासगरी तिब्बतबाट भेडा, च्याङ्ग्रा ल्याई पोखरातिर बेच्ने, तिब्बतबाटै नुन ल्याई खसान गाउँमा अन्नसँग साट्ने, भारतबाट भाँडाकुँडा ल्याई गाउँमा बेच्ने गरेको पाइन्छ । सदरमुकाममा बस्नेहरूमध्ये केही परिवारले जाँडरक्सी बनाएर बेच्ने गरेको पाइन्छ । अहिले कार्मारोङ् समुदायमा जडिबुटीको व्यापार निकै फस्टाएको पाइन्छ । यार्चागुम्बाको साथै घुच्छी च्याउ, पाँचऔले अत्तिस, सिलाजित, कटुकी, भुत्ले जस्ता जडीबुटी संकलन तथा बिक्रि वितरण गरी आम्दानी गर्ने गरेको पाइन्छ ।

**ग) नोकरी तथा ज्यालादारी**

सरकारी सेवामा कार्मारोङ्हरूको सहभागिता ज्यादै न्यून रहेको पाइन्छ । करानी सामुदायिक विकास केन्द्रले गरेको सर्वेक्षण अनुसार सेना प्रहरीमा कार्मारोङ्को सङ्ख्या शून्य रहेको पाइन्छ भने निजामति, स्वास्थ्य सेवा तथा शिक्षक तर्फ पनि ज्यादै न्यून सहभागिता रहेको पाइन्छ । कार्मारोङ्हरू खेतीपातीको काम नभएको समयमा ज्याला मजदुरी गर्नको लागि सदरमुकाम गमगढीको को साथै भारतको हिमाञ्चल प्रदेशको कुल्लु र मनालीमा घरेलु निर्माणको काम गर्न जाने गरेको पाइन्छ ।

### ५.२.२ वैदेशिक रोजगार

रोजगारीको खोजीमा विदेशिने नेपालीको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । अहिले वैदेशिक रोजगारी नेपालीको जीविकोपार्जन गर्ने महत्वपूर्ण माध्यम बनेको छ । रोजगारको लागि पुरूष मात्र नभइृ महिलाहरू पनि विदेशिने क्रम तीव्र छ । रोजगारका ागि नेपालभरबाट मुगु जिल्लाबाट तथा कार्मारोङ् समुदायबाट विदेशिनेहरूको जनसांख्यिक विवरण तालिका ५.२.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.२ : वैदेशिक रोजगार सम्बन्धी विवरण**

| विवरण | विदेशिने जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा सङ्ख्या | प्रतिशत | पुरूष | प्रतिशत | महिला | प्रतिशत |
| नेपाल | १९२१४९४ | ७.३० | १६८४०२९ | ८७.६० | २३७४०० | १२.४० |
| मुगु जिल्ला | ६९९ | १.२७ | ५४२ | ७७.५३ | १५७ | २२.४७ |
| कार्मारोङ् समुदाय | ८ | ४.४५ | ६ | ७५.०० | २ | २५.०० |


स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

तालिका ५.२.२ अनुसार वैदेशि रोजगारको लागि विदेशिने नेपालीको सङ्ख्या १९२१,४९४ रहेको पाइन्छ । जुन नेपालको कुल जनसङ्ख्याको ७.३० प्रतिशत हो । यसरी रोजगारको लागि विदेशिनेमा पुरूष ८७.६० प्रतिशत र महिला १२.४० प्रतिशत रहेको पाइन्छ ।

२०६८ सालकै तथ्याङ्क अनुसार मुगु जिल्लाबाट रोजगारको लागि विदेशिनेको सङ्ख्या ६९९ रहेको छ । जुन मुगु जिल्लाको कुल जसङ्ख्या केवल १.२७ प्रतिशत मात्र हुन आउँछ । यसरी विदेशिनेमा पुरूष ७७.५३ प्रतिशत र महिला २२.४७ प्रतिशत रहेको पाइन्छ ।

त्यसैगरी जिविकोपार्जनको लागि कार्मारोङ् समुदायका मानिसहरू पनि वैदेशिक रोजगारमा जाने गरेको पाइन्छ । यो समुदायको कुल जनसङ्ख्याको ४.४५ प्रतिशत मानिस रोजगारीको लागि विदेश गएको पाइन्छ । यसरी वैदेशिक रोजगारीमा जानेहरू मध्ये पुरूष ७५ प्रतिशत र महिला २५ प्रतिशत रहेको पाइन्छ ।

तालिका अनुसार रोजगारको लागि विदेशिने कार्मारोङ्हरूको पुरूषको प्रतिशत नेपाल तथा मुगु जिल्लाको भन्दा कम रहे तापनि विदेशिने महिलाको प्रतिशत भने धेरै रहेको पाइन्छ ।




चित्र : ५.२.२

### ५.२.३ आम्दानीको स्रोत


जिविको पार्जनको लागि कार्मारोङ् समुदायका मानिसले विभिन्न स्रोतबाट आथिर्जक उपर्जान गर्ने गरेको पाइनछ । यो समुदायको आर्थिक उपार्जनका स्रोत सम्बन्धी विवरण तालिका ५.२.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.३ : आम्दानीको स्रोत सम्बन्धी विवरण**

| आम्दानीको स्रोत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि तथा पशुपालन | ५४ | ५१.९२ |
| व्यापार व्यवसाय | ३२ | ३०.७६ |
| ज्याला मजदुरी | १५ | १४.४३ |
| वैदेशिक रोजगारी | २ | १.९३ |
| सरकारीश्र सेवा (नोकरी) | १ | ०.९३ |
| जम्मा | १०४ | १००.०० |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

कार्मारोङ् समुदायको आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन रहेको पाइन्छ । यो समुदायको ५१.९२ प्रतिशतको आम्दानीको स्रोत कृषि तथा पशुपालन रहेको पाइन्छ । त्यसैगरी ३०.७६ प्रतिशतको व्यापार व्यवसाय तथा १४.४३ प्रतिशतको आम्दानीको मुख्य स्रोत ज्याला मजदुरी रहेको पाइन्छ । यो समुदायमा आम्दानीको मुख्य स्रोत वैदेशिक रोजगारी तथा सरकारी सेवा हुनेको संख्या भने ज्यादै न्यून रहेको पाइन्छ । कार्मारोङ् समुदायको आम्दानीको स्रोत सम्बन्धी संख्यात्मक चित्र ५.२.३ मा प्रस्तुत गरिएको छ ।




**चित्र : ५.२.३**

### ५.२.४ खाद्यान्न पर्याप्तताको स्थिति

कृषि तथा पशुपालन कार्मारोङ् समुदायको मुख्य पेशा भएता पनि कृषि उत्पादनबाट वार्षिक जीवन निर्वाह गर्न भने धौ धौ पर्ने गरेको पाइन्छ । यो समुदायको कृषि उत्पादन तथा खाद्यान्न पर्याप्तता सम्बन्धी विवरण तालिका ५.२.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.४ : खाद्यान्न पर्याप्तताको स्थिति**

| खाद्यान्न पर्याप्तताको अवधि | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वर्षभरी (१२ महिना) खान पुग्ने | - | ००.०० |
| ९ महिना सम्म खान पुग्ने | ८ | १३.७९ |
| ६ महिना सम्म खान पुग्ने | ३५ | ६०.३४ |
| ३ महिना सम्म खान पुग्ने | १५ | २५.८७ |
| जम्मा | ५८ | १००.०० |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

कार्मारोङ् समुदायको मुख्य पेसा कृषि भएता पनि कृषि उत्पादनले वर्षभरी खान पुग्ने गरेको पाइदैन । तालिका ५.२.४ अनुसार ६०.३४ प्रतिशत कार्मारोङ्लाई कृषि उत्पादनले ६ महिनासम्म खान पुग्ने गरेको पाइन्छ । त्यसैगरी २५.८० प्रतिशतनलाई जम्मा ३ महिनासम्म र १३.७९ प्रतिशतलाई ९ महिनासम्म खानपुग्ने गरेको पाइन्छ । कृषि उत्पादनबाट वर्षभरी नै निर्वाह हुनेको संख्या शुन्य रहेको छ । यसरी कृषि उत्पादनबाट निर्वाह नहुने समयको लागि जडिबुटी व्यापार र ज्याला मजदुरीबाट खाद्यान्नको जोहो गर्ने गरेको पाइन्छ ।

## ५.३ शैक्षिक अवस्था

### ५.३.१ साक्षरता दर


सामान्यतया लेखपढ गर्न सक्ने व्यक्तिलाई साक्षर र लेखपढ गर्न नसक्ने व्यक्तिलाई निरक्षर भन्ने गरिन्छ । नेपालको मुगु जिल्लाको तथा कार्मारोङ् समुदायको साक्षरता सम्बन्धी विवरण तालिका ५.३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.१ : साक्षरता दर सम्बन्धी विवरण**

| विवरण | साक्षरता दर प्रतिशतमा | | |
|---|---|---|---|
| | कुल साक्षरता | पुरूष साक्षरता | महिला साक्षरता |
| नेपाल | ६५.९० | ७५.१० | ५७.४ |
| मुगु जिल्ला | ४७.८२ | ६२.०६ | ३३.०० |
| कार्मारोङ् समुदाय | ४२.७६ | ४९.९० | ३५.६२ |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

२०६८ सालको तथ्याङ्क अनुसार नेपालको कुल साक्षरता ६५.९० प्रतिशत रहेको छ जसमा पुरूष साक्षरता दर ७५.१० प्रतिशत र महिला साक्षरता दर ५७.४० प्रतिशत रहेको छ । त्यसैगरी २०६८ सालकै तथ्याङ्क अनुसार मुगु जिल्लाको कुल साक्षरता दर ५५.६९ प्रतिशत रहेको पाइन्छ । मगु जिल्लाको पुरूष साक्षरता दर ६९.७० प्रतिशत र महिला साक्षरता दर ४१.६९ प्रतिशत रहेको पाइन्छ । कार्मारोङ् समुदायको सदर्भमा हेर्दा यो समुदायको साक्षरता दर जम्मा ४२.७६ प्रतिशत मात्र रहेको पाइन्छ । जुन नेपालको तथा मुगु जिल्लाको भन्दा धेरै न्यून रहेको पाइन्छ । यो समुदायको पुरूष साक्षरता दर ४९.९० प्रतित र महिला साक्षरता दर ३५.६५ प्रतिशत रहेको पाइन्छ । यो समुदायको पुरूष साक्षरता दर ४९.९० प्रतिशत र महिला साक्षरता दर ३५.६५ प्रतिशत रहेको पाइन्छ । यो समुदायको महिला तथा पुरूष दुवैको साक्षरता दर नेपालको तथा मुगु जिल्ला भन्दा धेरै न्यून रहेको पाइन्छ ।




चित्र : ५.३.१

### ५.३.२ तहगत शैक्षिक अवस्था

६ वर्षभदा माथिको साक्षर जनसङ्ख्याको तहगत शैक्षिक स्थितिलाई तालिका ५.३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.२ : तहगत शैक्षिक अवस्था**


| तह | शैक्षिक विवरण (प्रतिशत) | | |
|---|---|---|---|
| | नेपाल | मुगु जिल्ला | कार्मारोङ् समुदाय |
| अनौपचारिक शिक्षा | ४.२ | ७.०५ | २४.५६ |
| प्राथमिक तह | ३९.० | ४७.१३ | ४४.७१ |
| माध्यमिक तह | २०.३ | २९.२५ | २८.४५ |
| एस.एल.सी. र प्रमाणपत्र | १०.२ | १६.०२ | २.१० |
| स्नातक वा सोभन्दा माथि | १.९३ | ०.५५ | ०.१८ |

स्रोतः के.त.वि. २०६८ तथा स्थलगत अध्ययन, २०७२ ।

तालिका ५.३.२ अनुसार औपचारिक शिक्षा हासिल नगरे पनि अनौपचारिक शिक्षा मार्फत् लेखपढ गर्न सक्ने नेपाली ४. प्रतिशत रहेको पाइन्छ । २०६८ सालको तथ्याङ्क अनुसार नेपालमा प्राथमिक तहसम्मको शिक्षा हासिल गर्नेहरू ३९ प्रतिशत रहेको पाइन्छ भने स्नातक वा सोभन्दा माथिसम्मको शिक्षा हासिल गर्नेहरू १.९३ प्रतिशत रहेको पाइन्छ ।

मुगु जिल्लाको सन्दर्भमा हेर्दा अनौपचारिक शिक्षा हासिल गरेका ७.०५ प्रतिशत, प्राथमिक तहसम्मको शिक्षा हासिल गर्ने ४७.१३ प्रतिशत, मा.वि. तहसम्मको शिक्षा हासिल गर्ने २९.२५ प्रतिशत तथा एस.एल.सी तथा प्रमाणपत्र तह १६.०२ प्रतिशत र सबैभन्दा कम स्नातक वा सोभन्दा माथिल्लो तह पार गर्ने ०.५५ प्रतिशत रहेको पाइन्छ ।

त्यसैगरी कार्मारोङ् समुदायको सन्दर्भमा हेर्दा यो समुदायमा पनि प्राथमिक तह सम्मको शिक्षा गर्नेको सङ्ख्या धेरै रहेको पाइन्छ । यो समुदायमा ४४.७१ प्रतिशतले प्राथमिक तह पार गरेको देखिन्छ । यो समुदायमा विद्यालय शिक्षा र गुम्बा शिक्षाको प्रचलन रहेकाले अनौपचारिक शिक्षा हासिल गर्नेको सङ्ख्या धेरै रहेको पाइन्छ । यो समुदायमा अनौपचारिक शिक्षा २४.५६, माध्यमिक तह २८.४५ प्रतितले एस.एल.सी. तथा प्रमाणपत्र तह २.१० प्रतिशतले र स्नातक वा सो भन्दा माथिको शिक्षा हासिल गर्ने ०.१८ प्रतिशत रहेको पाइन्छ ।




**चित्र : ५.३.२**

कार्मारोङ् समुदायमा विद्यालय शिक्षा प्रति खासै झुकाव नभएको विद्यालय शिक्षा हासिल गरेकाले पनि प्राथमिक तह पार गरेपछि छाड्ने गरेको पाइन्छ । यो समुदायको तहगत शैक्षिक अवस्था पनि नेपालको तथा मुगु जिल्लाको तुलनामा न्यून रहेको पाइन्छ ।

# अध्याय छ : सारांश, निष्कर्ष तथा सुझाव

## ६.१ सारांश

प्रस्तुत शोध मुगु जिल्लाको श्रीनगर गा.वि.स. बसोबास गर्ने कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थासँग सम्बन्धित रहेको छ । परापूर्वकालदेखि नै नेपालको उत्तरी हिमाली भेगमा बसोबास गर्ने यो समुदायको बारे खासै अध्ययन अनुसन्धान नभएको र उनीहरूको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक स्थिति के कस्तो छ भन्ने कुराको खोजी गरिने हुँदा यसलाई समस्याको रूपमा लिइएको छ । यो अध्ययनबाट विकट हिमाली भेगमा बसोबास गर्ने राष्ट्रिय मूलधारबाट टाढा रहेको समुदायको बारेमा जानकारी गराउने हुनाले औचिच्त्यपूर्ण रहेको छ । यो अध्ययनको साधारण उद्देश्य कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्थाको लेखाजोखा गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरू कार्मारोङ् समुदायको जनसाङ्ख्यिक अवस्थाको पहिचान गर्ने, पेसागत बनोटको विश्लेषण गर्ने तथा शैक्षिक स्थितिको लेखाजोखा गर्ने रहेको छ । मुगु जिल्लाका विभिन्न गा.वि.स. मा कार्मारोङ् समुदायको बसोबास रहेता पनि यो अध्ययन श्रीनगर गा.वि.स. को वडा नं. ४ र ५ मा बसोबास गर्ने कार्मारोङ्हरूको अध्ययनमा सीमित रहेको छ । यो अध्ययनलाई ६ अध्यायमा विभाजन गरिएको छ ।

यो शोधकार्यको अध्ययन क्षेत्र मुगु जिल्लाको श्रीनगर गा.वि.स. हो । अध्ययन क्षेत्रको छनोट अध्ययनकर्ताको स्वविवकेमा गरिएको हो । श्रीनगर गा.वि.स.को वडा नं. ४ र ५ मा गरी कुल ५८ घरधुरी कर्मारोङहरू बसोबास रहेको छ । यिनै ५८ घरधुरी कार्मारोङहरू नै यस अध्ययनको जनसङ्ख्या हो । प्राथमिक तथ्याङ्कमा आधारित रहेका यो अध्ययनमा आवश्यकता अनुसार द्वितीयक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको स्थलगत अवलोकन गरी अन्तर्वार्ता सूची तथा प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्याङ्कको संकलन गरिएको छ भने विभिन्न प्रकाशित एवं अप्रकाशित साहित्यबाट आवश्यक अनुसार द्वितीयक तथ्याङ्क लिइएको छ । यसरी प्राथमिक एवं द्वितीयक स्रोतबाट संकलन गरिएको तथ्याङ्कलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

नेपाल हिमाली जिल्लाहरूमध्ये कर्णाली अञ्चलको विकट जिल्लाको रूपमा मुगु जिल्लालाई लिन गरिन्छ । यस जिल्लालाई २४ वटा गा.वि.स. मा विभाजन गरिएको छ । जसमध्ये

श्रीनगर गा.वि.स. पनि एक हो । मुगु जिल्लाको सदरमुकाम गमगढी पनि यही श्रीनगर गा.वि.स. मा रहेको छ । श्रीनगर गा.वि.स.मा विभिन्न जातजातिको बसोबास रहेको छ जसमध्ये कार्मारोङ् समुदाय पनि एक हो । यही श्रीनगर गा.वि.स.को वडा नं. ४ र ५ मा बसोबास गर्ने कार्मारोङ् समुदायको अध्ययनमा यो शोधकार्य केन्द्रित रहेको छ ।

श्रीनगर क्षेत्रमा बसोबास गर्ने कार्मारोङ् मध्ये ५२.२२ प्रतिशत पुरुष तथा ४७.७८ प्रतिशत महिला रहेको पाइन्छ । उमेर समूह अनुसार हेर्दा १०-१४ वर्ष उमेर समूहको जनसंख्या धेरै रहेको पाइन्छ । त्यसैगरी कार्मारोङ् समुदायको आर्थिक रूपले सक्रिय जनसंख्या ५७.७७ प्रतिशत रहेको र जनसंख्याको आश्रित भार ४२.२३ प्रतिशत रहेको पाइन्छ । जीविकोपार्जनको लागि कार्मारोङ् समुदायले विभिन्न पेसा व्यवसाय अपनाइएको पाइन्छ । कृषि तथा पशुपालन यो समुदायको मुख्य पेसा रहेको पाइन्छ । यो समुदायका ३६.०२ प्रतिशत मानिस कृषि पेसा संलग्न भएको पाइन्छ । त्यसैगरी ३९.८४ प्रतिशत परम्परागत पेसा तथा सिप, १४.३१ प्रतिशत व्यापार व्यवसायमा संलग्न भएको पाइन्छ । यो समुदायबाट सरकारी सेवा तथा वैदेशिक रोजगारमा जानेको संख्या भने न्यून रहेको पाइन्छ ।

यो समुदायको आम्दानीको मुख्य स्रोत कृषि तथा पशुपालन रहेको पाइन्छ । यो समुदायका ५१.९२ प्रतिशत मानिसको आम्दानीको स्रोत कृषि तथा पशुपालन रहेको पाइन्छ । त्यसैगरी ३०.७६ प्रतिशतको व्यापार व्यवसाय तथा १४.४३ प्रतिशतको ज्याला मजदुरी नै आम्दानीको मुख्य स्रोत रहेको पाइन्छ । कृषि कार्मारोङ्को मुख्य पेसा भएता पनि कृषि उत्पादनबाट वर्ष भरी निर्वाह गर्न नपुग्ने गरेको पाइन्छ । यो समुदायको ६०.३४ प्रतिशत घरधुरीलाई खाद्यान्न उत्पादनले ६ महिनासम्म खान पुग्ने, २५.८७ प्रतिशत घरधुरीलाई ३ महिनासम्म र १३.७९ प्रतिशत घरधुरीलाई कृषि उत्पादनले ९ महिनासम्म खानपुग्ने गरेको पाइन्छ । कृषि उत्पादनबाट निर्वाह नहुने समयको लागि खाद्यान्न जोहो व्यापार व्यवसाय तथा ज्याला मजदुरीबाट गर्ने गरेको पाइन्छ ।

कार्मारोङ् समुदायमा विद्यालय शिक्षा र गुम्बा शिक्षाको प्रचलन रहेता पनि ४२.७६ प्रतिशत मात्र साक्षर रहेको पाइन्छ । यो समुदायको पुरुष साक्षरता दर ४९.९० प्रतिशत र महिला साक्षरता दर ३५.६२ प्रतिशत रहेको पाइन्छ । यो समुदायमा पढाई भन्दा व्यापार व्यवसायलाई बढी प्राथमिकता दिने कारण विद्यालय तह पछि पढाई बिचैमा छोड्ने दर धेरै रहेको पाइन्छ । तहगत रूपमा हेर्दा यो समुादयका ४४.७१ प्रतिशतले प्राथमिक शिक्षा,

२८.४५ प्रतिशतले माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको पाइन्छ । यो समुदायमा उच्च शिक्षा हासिल गर्नेको संख्या भने ज्यादै न्यून रहेको पाइन्छ ।

हिमाली भेगमा बसोबास गर्ने विभिन्न समुदायहरू मध्ये कार्मारोङ् समुदाय पनि एक रहेको, उनीहरूको आफ्नै भाषा, भेषभूषा, मुल्य मान्यता, संस्कार र संस्कृति रहेता पनि छुट्टै जातिको मान्यता पाउन नसकेको, उनीहरूको साक्षरता दर न्यून (४२.७६%) रहेको, कृषि तथा पशुपालन मुख्य पेसा तथा जीविकोपार्जनको माध्यम रहेको कृषि उत्पादनबाट ६ महिनासम्म पनि निर्वाह नहुने निष्कर्ष निकालिएको छ ।

यो समुदायलाई सिमान्तकृत हिमाली जातिको मान्यता दिनुपर्ने, उनीहरूको आर्थिक एवं शैक्षिक अवस्था अन्य समुदायको तुलना न्यून रहेकाले शैक्षिक स्तर उकास्न तथा आर्थिक अवस्थामा सुधार गर्न प्राथमिकता दिनुपर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष तथा सुझाव

मुगु जिल्लाको करान क्षेत्रमा बर्षौ देखि बसोबास गर्दै आएका र जनसङ्ख्या विस्तार हुने क्रममा मुगु जिल्लाकै श्रीनगर गा.वि.स को साथै जुम्ला जिल्लाका केही गा.वि.सहरू तथा सुर्खेत, काठमाडौं एवं भारतको हिमाञ्चल प्रदेशको कुल्लु मुनाली क्षेत्रमा कार्मारोङ् समुदमयको बसोबास रहेको पाइन्छ । विशेष गरी मुगु जिल्लाको श्रीनगर क्षेत्रमा बसोबास गर्ने कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन सम्बन्धी निम्न निष्कर्ष छन् ।

कार्मारोङ् समुदायको आफ्नै भाषा, भेषभुषा, रहनसहन, मूल्य, मान्यता, संस्कार र संस्कृति रहेर पनि नेपाल सरकारले सीमान्तकृत हिमाली जातिको मान्यता दिई नसकेको, केन्द्रीय तथ्याङ्य विभागले पनि कार्मारोङ् समुदायको छुट्टै तथ्याङ्क तथा उनीहरूले पनि लामा, तामाङ् तथा गुरुङ्ग थर लेखाएर नागरिकता लिने कारणले गर्दा उनीहरूको वास्तविक जनसङ्ख्या कति छ भनेर एकिन हुन नसकेको ।

श्रीनगर गा.वि.स.को वडा नं. ४ र ५ मा गरी ५८ घरघुरी कार्मारोङ् समुदायको बसोबास रहेको र उनीहरूको कुल जनसङ्ख्या १८० जना रहेको पाइन्छ । जसमा पुरुष ५२.२२ प्रतिशत र महिला ४७.७८ प्रतिशत रहेको ।

उमेर समुह अनुसार हेर्दा १०-१४ बर्ष उमेर समुहको सङ्ख्या सबै भन्दा बढी र ५५-५९ वर्ष उमेर समुहको सङ्ख्या सबै भन्दा कम रहेको ।

यो समुदायको ५७.७७ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेको र ४२.२३ प्रतिशत जनसङ्ख्या आश्रित जनसङ्ख्या रहेको ।

कार्मारोङ् समुदायको मुख्य पेसा कृषि तथा पशुपालन भए तापनि उनीहरूको पेसामा विस्तारै परिर्वतन आउदै गएको, अहिले यो समुदायका अधिकाशं मानिसहरू व्यापार व्यवसायमा संग्लन भएको, उनीहरूले तिब्बतबाट सामान ल्याई खसान क्षेत्रतिर सटही व्यापार गर्ने, जडिबुटीको व्यापार गर्ने तथा सदरमुकाम आसपास रहेकाहरूले जाँडरक्सी को व्यापार गर्ने गरेको ।

सरकारी सेवामा यो समुदायको सहभागिता ज्यादै न्यून रहेको ।

यो समुदायका मानिसहरू ज्यालामजदुरी तथा वैदेशिक रोजगारमा समेत जाने गरेको ।

कार्मारोङ् समुदायमा गुम्बा शिक्षा तथा स्कुल शिक्षाको प्रचलन रहे तापनि ठूलो सङ्ख्यामा कार्मारोङ्हरू निरक्षर रहेको, समुदायको २८ प्रतिशत जनसङ्ख्या शिक्षित रहेकोमा १६ प्रतिशतले गुम्बा शिक्षाबाट तथा १२ प्रतिशतले विद्यालय शिक्षा हासिल गरेको ।

विद्यालय शिक्षा हासिल गरेकाहरू मध्ये पनि अधिकाशंले विद्यालय तहपछि पढाई छाड्ने गरेका कारण उच्च शिक्षा हासिल गर्नेको सङ्ख्या ज्यादै न्यून रहेको ।

यो समुदायमा शिक्षालाई भन्दा पनि व्यापार व्यवसायलाई बढी प्राथमिकता दिने प्रचलन रहेका कारणले साक्षरता दर कम रहेको ।

भौगोलिक रूपमा विकट कर्णाली अञ्चलको पनि विकट जिल्लाको रूपमा रहेको मुगु जिल्लाको करान क्षेत्रमा बसोबास गर्ने कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिसके पछि तपसिलका सुझावहरू प्रस्तुत गरिएको छ :-

- आफ्नै भाषा, भेषभुषा, रहनसहन, मूल्य, मान्यता, संस्कार र संस्कृति रहेको यो समुदायलाई नेपाल सरकारले सीमान्तकृत हिमाली जातीको मान्यता दिनु पर्दछ ।

- कार्मारोङ् समुदायमा पनि विस्तारै आधुनिकताको प्रभाव पर्दै गएकाले उनीहरूको मौलिक पेसा, रहनसहन, भषभुषा तथा परम्पराको संरक्षणमा ध्यान दिनुपर्दछ ।
- अधिकांश कार्मारोङ्हरूको आर्थिक अवस्था कमजोर रहेकाले आर्थिक उर्पाजनको क्षेत्रमा उनीहरूलाई प्राथमिकता दिनु पर्दछ ।
- यो समुदायमा साक्षरता दर अत्यान्त न्यून रहेकाले उनीहरूलाई साक्षर बनाउन उनीहरूको पहूँचमा विद्यालयको स्थापना गर्नु पर्ने, उच्च शिक्षा सम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने तथा छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ ।

# सन्दर्भसूची


उदास, लक्ष्मी (२०५८), ***भोटे जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्थिति : एक समाजशास्त्रीय अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर ।

कार्मारोङ्, गुरु श्याङ्ग्याप (ल्हावा), सोनाम तोर्चे तथा जिम्मेद कार्मारोङ् (२०६७), ***हामी कार्मारोङ् : आफ्नो इतिहास, संस्कृति र वर्तमान अवस्था बारे हाम्रो बयान,*** मुगु : करानी सामुदायिक विकास केन्द्र ।

खनाल, पेशल (२०६८), ***शैक्षिक अनुसन्धान पद्धति,*** काठमाडौ : सनलाइट पब्लिकेसन प्रा.लि ।

गुरुङ्ग, हर्क (२००७), ***मैले देखेको नेपाल*** , ललितपुर : हिमाल किताव प्रा. लि. ।

तामाङ, दावा (२०६९), ***तामाङ जातिको आर्थिक एवं शैक्षिक अवस्था सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गा.वि.स.को एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

जि.वि.स.का, ***जिल्ला विकास योजना (२०७१ /०७२),*** मुगु : जिल्ला विकास समितिको कार्यालय ।

जि.वि.स.का, ***जनजाति पार्श्वचित्र जुम्ला (२०६६),*** जिल्ला विकास समितिको कार्यालय, सुचना तथा अभिलेख केन्द्र जुम्ला ।

जोशी, सत्यमोहन (२०४९), ***कर्णाली लोक संस्कृति खण्ड १,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

नेपाल सरकार (२०३१), ***मेची महाकाली भाग ४,*** काठमाडौं : सुचना तथा संञ्चार विभाग ।

पाण्डे, मधुसुदन (२०६५), ***नेपालका जनजातिहरू,*** काठमाडौं : पैरवी ।

पाँडे, रामकुमार (२०६६), ***नेपालको मानव भूगोल*** , काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, लक्ष्मी (२०६२), ***तामाङ्ग जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था : एक समाजशास्त्रीय अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर ।

जि.वि.स.का, ***मुगु जिल्लाको वस्तुगत विवरण*** (२०६६), जिल्ला विकास समितिको कार्यालय मुगु ।

योञ्जन, सनम (२०६७), ***तामाङ्क जातिको आर्थिक अवस्था र यसले प्राथमिक शिक्षामा पारेको प्रभाव रामेछाप जिल्लाको दोरम्बा गा.वि.स.को एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

राई, सुन्दर (२०६८), ***थुलुङ किराँत जातिको सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्था सोलुखुम्बु जिल्ला देउसा गा.वि.स. एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, त्रिचन्द्र क्याम्पस घण्टाघर, काठमाडौं ।

रेग्मी, रमेश (२०६४), ***चेपाङ जातिको आर्थिक अवस्था र प्राथमिक शिक्षामा पहुँच गोरखा जिल्ला घ्याल्चोक गा.वि.स.का चेपाङ जातिको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

रोक्का, मगर भुवन (२०६८), ***मगर जातिको आर्थिक अवस्था र यसले विद्यालयमा शिक्षामा पारेको प्रभाव ओखलढुङ्गा जिल्लाको गाम्नाङ्गटार गा.वि.स.का मगर समुदायको एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

लामा, छिरिङ्ग (२०६९), ***लामा जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्थाको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर ।

विष्ट, डोरबहादुर (२०१३), ***सबै जातको फुलबारी,*** लाजिम्पाट, काठमाडौं : हिमाल किताब प्रा.लि. ।

हमाल, मिम बहादुर (२०६१), ***भोटे जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवनावस्था : हुम्ला जिल्ला लिमि गा.वि.स वडा नं १,२,३ र ४ का भोटे जातिको एक समाजशास्त्रीय अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुर ।

शर्मा, नगेन्द्र (२०६३), ***नेपाली जनजीवन*** , काठमाडौं : साभा प्रकाशन ।

शेर्पा, किशोर (२०६६), ***शेर्पा समुदायको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्था ताप्लेजुङ्ग जिल्लाको तापेथोक गा.वि.स.मा बसोबास गर्ने शेर्पा समुदायको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, त्रिचन्द्र क्याम्पस घण्टाघर, काठमाडौं ।

सिग्देल, तेजप्रसाद (२०६५), ***माध्यमिक तहको भूगोल शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र शैक्षिक उपलब्धीमा यसको भूमिका : काठमाडौं जिल्लाको एक अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, भूगोल शिक्षा विभाग, त्रि. वि कीर्तिपूर ।

सुवेदी, राजाराम (२०५४), ***कर्णाली प्रदेशको मध्यकालिन इतिहास,*** काठमाडौं : साभा प्रकाशन ।

नेपाल सरकार (२०६७), ***श्रीनगर गा.वि.स. को वस्तुस्थिति विवरण,*** नेपाल सरकार स्थानिय विकास मन्त्रालय, गाँउ विकास समितिको कार्यालय, श्रीनगर मुगु ।

ज्ञवाली, दामोदर (२०६७), ***जनसंख्या शिक्षा : सिद्धान्त र दर्शन,*** काठमाडौ : सनलाइट पब्लिकेसन प्रा.लि. ।

# अनुसूची : १ अन्तर्वार्ता सूची

## कार्मारोङ् समुदायको जानसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्था सम्बन्धी अनुसन्धानका लागि तयार पारिएको

नाम : .................................... ठेगाना : ...........................................

लिङ् : ...................................... उमेर : ................................................

**क) जनसाङ्ख्यिक अवस्था**

१. तपाईहरुको मुलथलो यही हो कि अन्यत्र बाट बसाई सरी आउनु भएको हो ?

..........................................................................................................................

२. यदि अन्य स्थान बाट बसाई सरी आएको भए कहाँ बाट कहिले आउनु भएको हो ?

..........................................................................................................................

३. तपाईहरुको समुदायको अयन्त्र कहाँ कहाँ बसोबास रहेको छ ?

..........................................................................................................................

४ तपाईहरुलाई भोटे भनेर चिन्ने गरिन्छ नि ? भोटे, शेर्पा, लामा र कार्मारोङ् एउटै समुदाय हो कि फरक छ ?

..........................................................................................................................

यदी फरक छ भने के के कुरामा फरक छ ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

५. कार्मारोङ्हरुलाई त नेपाल सरकारले आदिबासी जनजातिको मान्यता दिएको छैन । शेर्पा, लामा, भोटे एकै ठाँउमा राखेको छ तर तपाईहरु कार्मारोङ् भिन्नै हो भनि रहनु भएको छ ? कसरी बताईदिनुस् न ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

६) तपाईहरुले कुन धर्म मान्ने गर्नु हुन्छ र तपाईहरुले बोल्ने भाषालाई के भनिन्छ ?

..........................................................................................................................

७) अन्यत्र बसोबास गर्ने कार्मारोङ्हरु धर्म र भाषा तपाईहरु सँग मिल्छ कि फरक हुन्छ ?

..............................................................................................

८) तपाईको परिवारमा कति जना हुनुहुन्छ ?

पुरुष : ................. .महिला : .................. जम्मा : ...................

९) उमेर समुह अनुसार पारिवारीक विवरण

| **उमेर समुह** | **पुरुष** | **महिला** | **जम्मा** |
|---|---|---|---|
| ० - ४ | | | |
| ५ - ९ | | | |
| १० - १४ | | | |
| १५ - १९ | | | |
| २० - २४ | | | |
| २५ - २९ | | | |
| ३० - ३४ | | | |
| ३५ - ३९ | | | |
| ४० - ४४ | | | |
| ४५ - ४९ | | | |
| ५० - ५४ | | | |
| ५० - ५९ | | | |
| ६० - ६४ | | | |
| ६५ + | | | |

१०) तपाईको समुदायमा एकल वा संयुक्त कस्तो परिवारिक संरचना रहने चलन छ ?

..............................................................................................

११) विस्तृत पारिवारीक विवरण :

| क्र.स | नाम | उमेर | लिङ्ग | शिक्षा | पेसा | भाषा | धर्म | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

घरमूलीको नाम :

**ख) आर्थिक अवस्था**

१२) तपाईको जिवन निर्वाह गर्ने मुख्य पेशा वा स्रोत के होला ?

क) कृषि ख) व्यापार ग) नोकरी

अन्य (उल्लेख गर्ने )...........................................................

१३) तपाईको आफ्नै जग्गा जमिन छ कि अरुको जग्गा मा कमाई गर्ने गर्नुहुन्छ ?

.......................................................................................

यदि छ भने कति छ ?

...........................

१४) के के उत्पादन वा खेति गर्नु हुन्छ ?

.........................................................................................................

१५) कृषि सँगै पशुपालन पनि गर्नु हुन्छ ?

............................................................................................................

१६) यदि गर्नु हुन्छ भने कुन कुन पशुपालन गर्नु हुन्छ ?

..............................................................................................................

१७) तपाईले गर्ने कृषि उत्पादनले बर्ष भरी लाई निर्वाह चल्छ त ?

................................................................................................................ .

१८) यदी पुग्दैन भने कति महिना लाई पुग्दैन ? र नपुग्ने समयको लागि कहाँ बाट जोहो गर्नु हुन्छ त ?

..................................................................................................................

१९ ) तपाईले के को व्यापार गर्नु हुन्छ ?

.....................................................................................................................

२०) व्यापारको लागि सामान कहाँ बाट ल्याउनु (आयात) हुन्छ ?

.........................................................................................................

२१) सामानको बिक्रि वितरण कहाँ कहाँ  हुन्छ ?

.........................................................................................................

२२) तिब्बतसित पनि तपाईहरुको व्यापारीक कारोबार हुने गर्दछ ?

..................................................................................................................

२३) तिब्बतबाट के के सामानको  आयात र केके सामानको निर्यात गनुहुन्छ ?

.....................................................................................................

२४) व्यापार बाट बार्षिक रुपमा कति कमाई हुने गर्दछ ?

......................................................................................................

२५) यदि  नोकरी गर्ने भए के मा गर्नु  हुन्छ ?

........................................................................................................

२६) वैदेशिक रोजगार जानेहरु कुन देश जाने गर्दछन् ?

........................................................................................................

२७) परिवारको पेसागत विवरण

| क. स | संग्लन पेसा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | कृषि | | | |
| २ | पशुपालन | | | |
| ३ | व्यापार | | | |
| ४ | नोकरी | | | |
| ५ | वैदेशिक रोजगार | | | |
| ६ | अन्य | | | |

**ग) शैक्षिक  अवस्था**

२८ तपाईलाई लेखपढ गर्न  आउछ ?

क) आउछ                                                                                   ख) आउदैन

२८) आउछ भने तपाईले कति पढ्नु भएको छ ?

...................................................................................................................

२९) तपाईहरुको पढेन् बौद्ध / लामा शिक्षा हो कि अन्य समुदायको जस्तै हो ?

..........................................................................................................................

३०) परिवारको तहगत  शैक्षिक विवरण

| क.स | तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | प्रा. वि | | | |
| २ | नि. मा वि | | | |
| ३ | मा. वि | | | |
| ५ | उच्च मा. वि | | | |
| ६ | स्नातक र सो भन्दा माथि | | | |
| ७ | प्राविधिक तर्फ | | | |

.............. धन्यवाद .........

# अनुसूची २ : स्थलगत फोटाहरु

कार्मारोङ् समुदायका अगुवा व्यक्तिहरु सँग सामुहिक छलफल गरिदै ।







कार्मारोङ् समुदायका अग्रणी व्यक्तित्वहरुको साथमा अध्ययनकर्ता ।




कार्मारोङ् विकास समाज, काठमाडौं ।


ल्होसारको पहिलो दिन धनु खेल्दै ।


मरेको मान्छे लैजाने क्रममा ।



गुम्बामा ज्ञान गर्दै ।



ल्हासारको उपलक्ष्यमा उपहार ग्रहण गर्दै ।



कार्मारोङ् महिलाको मुख्य पहिरन ।

कार्मारोङ् समुदायमा गरिने भोजका केही दृश्यहरु




28 01 2015 16 42


28 01 2015 16 45







## अनुसूची ३ : सिफारिस पत्रहरु

जि.प्र.का. दर्ता नं. ८७/०६०/०६१ स.क.प. आबद्धता नं.: १५५५१ स्थायी लेखा नम्बर (PAN): ३०२०१८६५८

༄༅། །དཀར་མ་རོང་གཙོ་རུ་སྐོར་གསུམ་གནས་པལ།

**करानी समाज सेवा संघ नेपाल**

**Karmarong Choru Gonsum Nepal**

प.सं.: 062/063
च.नं.: 98

मिति: 2062/05/11

**विषय :- जानकारी सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र संकाय भुगोल शिक्षण विभागका विद्यार्थी श्री कृष्ण मुरारी प्रसाद भट्टले मुगु जिल्ला सदरमुकाम गमगढीमा बसोबास गर्दै आइरहेका कार्मारोङ समुदायको जनसांख्यिक, आर्थिक एव शैक्षिक अवस्था विषयक शोधकार्यका लागि कार्मारोङ समुदायसंग सम्वन्धित तथ्यांङ संकलन गर्नुका साथै छलफल समेत गर्नु भएको कुरा जानकारी गराउदछौं । मुगु जस्तो विकट हिमाली जिल्लामा वसोबास गर्ने र सरकारी तवरबाट समेत उपेक्षित रहेको कार्मारोङ समुदायको बारेमा अनुसन्धान गरि उनिहरुको बारेमा अन्य जगतलाई जानकारी दिनको लागि सहयोग पुर्‍याउनु भएकोमा उहाँलाई धन्यवाद व्यक्त गर्न चाहान्छौं ।

भवदिय

(गुरु श्याङग्याप कार्मारोङ)
महासचिव

**Contact No : 9851158405,9841696530**
**Email:karmarong.ipos@gmail.com,gurukarmarong@gmail.com,g_sagarhimali3@yahoo.com**

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# नमूना गाउँ विकास समितिको कार्यालय

[illegible]र, मुगु

पत्र संख्या : ०६९/०६२

चलानी नम्बर :

मिति २०६९/१२/२८

विषय : सिफारिस सम्बन्धमा ।

श्री जो जस संग सम्बन्ध छ ।

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र कीर्तिपुर क्याम्पस भूगोल शिक्षा विभाग एम.एड. दोस्रो वर्षका छात्र कृष्ण मुरारी प्रसाद भट्टले आफ्नो अनुसन्धानको सिलसिलामा मुगु जिल्ला सदरमुकाम गमगढीमा बसोबास गर्ने कार्मारोङ समुदायको जनसांख्यिक, शैक्षिक आर्थिक, सांस्कृतिक तथ्याङ्क संकलन गर्नु भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ ।

(नन्दबहादुर मल्ल)